# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०८१/८२-२०८३/८४)

# Medium Term Expenditure Framework

## (Fiscal Year 2081/82-2083/84)



**"रैथाने बाली, पर्यटन र पूर्वधार:सुशासन र समृद्धि सोरुबासीको आधार "**

# सोरु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यलय,

# जिमा, मुगु

## कर्णाली प्रदेश

# मध्यमकालीन खर्च संरचना

## (आ.व.२०८१/८२-२०८३/८४)


**प्रकाशक :** **सोरु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**



**सर्वाधिकार :** प्रकाशकमा



**आवरण फोटो :** सोरु गाउँपालिका

**प्रकाशन मिति :** २०८१



**सम्पर्कका लागि :** गाउँ कार्यपालिकाको कार्यालय जिमा, मुगु,

कर्णाली प्रदेश, नेपाल

**फोन नं.:** ०८७४६००८१, ९८५१३५२६८४

**ईमेल:** ito.sorumun@gmail.com

सोरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय, जिमा, मुगु



## मन्तव्य

नेपाको संविधान २०७२ ले स्थानिय तहलाई व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरूको सुनिश्चितता गरेको छ । यहि अधिकारको प्रयोगको लागि जनताको सवै भन्दा नजिकको सरकारको रुपमा उपलब्ध स्रोत साधनहरुको मितव्ययी, व्यवस्थीत सदुपयोग गर्न योजना बनाई दिगो र प्रभावकारी नतिजा हासील गरी असिमित जनअपेक्षलाई सम्वोधन गर्नु पर्ने छ । त्यस्तै गरी नीति, योजना निर्माण तथा विकासका कार्यहरुमा पछाडी पारिएका वर्गहरुको अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्दै विकासका लक्ष्य पुरा गर्न समावेशी, पारदर्शी र जवाफदेहि सरकार भई कार्य सम्पादन गर्नु पर्ने महत्वपूर्ण जिम्मेवारी हामी समक्ष रहेको छ ।

स्थानिय सरकारले विकास, सेवा प्रवाहसँगै वित्तीय सुशासन कायम गर्दै विनियोजन कुशलता, कार्यान्वयन दक्षता कायम गरी सार्वजनिक श्रोतको प्रभावकारी ब्यवस्थापन गर्नु पर्ने हुन्छ । यसको साथै आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाई स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्ने भएकोले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगाएत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेश सहित स्थानीय तहहरूले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेसँगै सोरु गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाई वकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । जनचाहना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्ने तर्फ दिशा निर्देश गर्ने अपेक्षा गरेको छु ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएकोले यस मार्फत दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु । जसबाट अघिल्लो शताब्दीको उत्तरार्द्ध देखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य र गाउँपालिकाको समस्याहरूको सम्बोधन गर्ने तर्फ अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु । अन्त्यमा, दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, दातृ संस्था तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..............................

**धर्म बहादुर शाही**

गाउँपालिका अध्यक्ष

सोरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय, जिमा, मुगु



**मन्तव्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक तथा विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नु पर्ने व्यवस्था रहेको छ । त्यसै गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नु पर्ने र विवरण तयार गर्दा दफा १७ अनुसार आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण गर्नु पर्ने व्यवस्था अनुसार स्थानिय सरकारले सम्पादन गर्ने कार्यहरुलाई नतिजा उन्मुख, वित्तिया पारदर्शिता र अनुशासन कायम गरी आम्दानी र खर्चलाई वैज्ञानीक बनाई कार्यन्वयन गर्न मध्यमकालीन खर्च संरचना कोषे ढुङ्गा सावित भएको छ ।

मध्यमकालीन खर्च संरचनाले नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धि मूलक बनाउने, आयोजनाहरूको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरूको लागि स्रोतको सुनिश्चितता गर्न र स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनुका सथै सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्न विशेष भुमिका गर्ने भएकोले सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण औजार हो । सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाई सरकारी खर्चमा पारदर्शिता बढाउन तथा वित्तीय अनुशासन प्रवर्द्धन गर्न यसको प्रयोग अपरिहार्य रहेको छ । जस्ले स्थानिय सरकारको प्राथमिकताका आधारमा श्रोतको अनुमान तथा सुनिश्चित गरी विनियोजनमा मार्गदर्शन गर्न सघाई गाउँपालिकाको समग्र विकासका कार्यक्रमको निरन्तरता र योजनाको पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्न तथा सेवा प्रवाहमा सुधार हुने विश्वास लिइएको छ ।

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिका मार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु । अन्तमा, यस सोरु पालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने दातृसंस्था संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, कर्मचारीहरू, प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धित विज्ञहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**केशर बहादुर** शाहि

गा.पा उपाध्यक्ष

सोरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय, जिमा, मुगु



**प्राक्कथन**

गाउँपालिकाको समग्र समृद्धि हासिल गर्न गाउँपालिकालाई प्राप्त हुने सिमित स्रोत साधनलाई योजनावद्ध, मितव्ययी, प्रभावकारी ढङ्गले कार्यन्वयन गरी जनताको असिमित विकास र समृद्धिको सपनालाई पुरा गर्नु पर्ने ठुलो जिम्मेवारी र दायित्व रहेको छ । यहि सन्दर्भमा गाउँपालिकाको विकास र समृद्धिलाई मुर्तरुप दिन आवश्यक पर्ने आर्थिक स्रोत र त्यसलाई आवधिक तथा वार्षिक विकास योजना मार्फत पुलको रुपमा कार्य गर्ने मध्यमकालीन खर्च सम्रचना तर्जुमा गरी धेरै भन्दा धेरै विकासका प्रतिफलहरु लक्षित वर्गका जनताहरु बीच पुऱ्याउने जिम्मेवारी गाउँपालिकाको रहेको छ । साथै सरकारी खर्चमा पारदर्शिता बढाउन, सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउन तथा वित्तीय सुशासन प्रवर्द्धन गर्न यसको प्रयोग अपरिहार्य रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक तथा विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नु पर्ने व्यवस्था र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नु पर्ने र विवरण तयार गर्दा दफा १७ अनुसार आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण गर्नु पर्ने व्यवस्था अनुसार स्थानिय सरकारले सम्पादन गर्ने कार्यहरुलाई नतिजा उन्मुख, वित्तिया पारदर्शिता र अनुशासन कायम गरी आम्दानी र खर्चलाई वैज्ञानीक बनाई कार्यन्वयन गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार गाउँपालिकाको मध्यकालीन खर्च सम्रचना निर्माण गरिको हुनाले यस दस्तावेजले नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धि मूलक बनाउने, आयोजनाहरूको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरूको लागि स्रोतको सुनिश्चितता गर्न र स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनुका सथै सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्न विशेष भुमिका निर्वाह गर्ने विश्वास लिएको छु ।

यस मध्यमाकालीन खर्च संरचना तर्जुमा पश्चात गाउँपालिका मार्फत खर्च गरिने सार्वजनिक वित्त दिगो वन्ने दिगो बन्ने र आवधिक, वार्षिक, रणनीतिक तथा विषय क्षेत्रगत मध्यमकालीन योजनाहरुको कार्यन्वयन मध्यमकालीन खर्च संरचना अनुसार भई स्रोत-साधनको विनियोजनलाई उपलब्धि मूलक भई सोरु गाउँपालिकाको समग्र विकास मजवुद र दिगो बन्ने विश्वास लिएको छु । अन्तमा यस सोरु गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माण गर्न सहयोग गर्नु हुने सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

..................................

**तीर्थराज शाही**

प्रमुख प्रशासकिय अधिकृत

# विषयसुचि

**परिच्छेद-१** ....14

**परिचय** ....14

१.१ पृष्ठभूमि ....14

१.२ अवधारणा तथा उद्देश्य ....14

१.३ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ....15

१.४ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ....16

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ....16

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रकृया ....17

**परिच्छेद-२** ....21

**मध्यमकालीन खर्च संरचना** ....21

२.१ पृष्ठभूमि ....21

२.२ चुनौती तथा अवसर ....21

२.३ सोच उद्देश्य तथा रणनीति ....22

२.४ मध्यमकालीन आर्थिक खाका ....23

तालकि न २.१ मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा) ....23

२.५ मध्यमकालीन नतिजा खाका ....24

तालिका २.२. प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ....24

२.६ मध्यमकालीन बजेट खाका ....25

तालिका २.३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ....25

२.७ बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँट ....26

तालिका २.४ रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ....27

तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ....27

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ....28

तालिका २.७ लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ....28

तालिका २.८ जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ....29

२.८ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ....29

तालिका २.९ आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा) ....29

**परिच्छेद-३** ....**31**

**आर्थिक क्षेत्र** ....**31**

**३.१ कृषि** ....**31**

३.१.२ पृष्ठभूमि ....31
३.१.३ समस्या तथा चुनौति ....31
३.१.४ लक्ष्य ....31
३.१.६ रणनीति ....32
३.१.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ....32
३.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....33
३.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ....33
३.१.९ जोखिम पक्ष तथा अनुमान ....34

**३.२ सिँचाई** ....**34**

३.२.१ पृष्ठभूमि ....34
३.२.२ समस्या तथा चुनौति ....34
३.२.३ लक्ष्य ....34
३.२.४ उद्देश्य ....34
३.२.५ रणनीति ....34
३.२.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ....34
३.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....35
३.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ....35
३.२.९ जोखिम पक्ष तथा अनुमा ....35

**३.३ पशुपन्छी** ....**36**

३.३.१ पृष्ठभूमि ....36
३.३.२ समस्या तथा चुनौति ....36
३.३.३ लक्ष्य ....36
३.३.४ उद्देश्य ....36
३.३.५ रणनीति ....37
३.३.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ....37
३.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....37
३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ....37
३.३.९ जोखिम पक्ष तथा अनुमान ....38

**३.४ उद्योग, व्यापार तथा व्यावसाय** ....**38**

३.४.१ पृष्ठभूमि ....38
३.४.२ समस्या तथा चुनौति ....39
३.४.३ लक्ष्य ....39

३.४.४ उद्देश्य ........ 39
३.४.५ रणनीति ........ 39
३.४.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 40
३.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 40
३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ 40
३.४.९ जोखिम पक्ष तथा अनुमान ........ 40

**३.५ पर्यटन तथा संस्कृति ........ 41**

३.५.१ पृष्ठभूमि ........ 41
३.५.२ समस्या तथा चुनौति ........ 41
३.५.३ लक्ष्य ........ 41
३.५.४ उद्देश्य ........ 41
३.५.५. रणनीति ........ 42
३.५.६. उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 42
३.५.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 42
३.५.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ 42
३.५.९. जोखिम पक्ष तथा अनुमान ........ 43

**३.४ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा ........ 43**

**३.४.१. पृष्ठभूमि ........ 43**

३.४.२. समस्या तथा चुनौति ........ 43
३.४.३. लक्ष्य ........ 43
३.४.४ उद्देश्य ........ 44
३.४.५. रणनीति ........ 44
३.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 44
३.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 44
३.४.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 45
३.४.९. जोखिम पक्ष तथा अनुमान ........ 45

**३.७ श्रम, रोजगारी तथा गरिबी निवारण ........ 45**

**३.७.१. पृष्ठभूमि ........ 45**

३.७.२. समस्या तथा चुनौति ........ 45
३.७.३. लक्ष्य ........ 46
३.७.४ उद्देश्य ........ 46
३.७.५.रणनीति ........ 46
३.७.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 46
३.७.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 46
३.७.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ 47
३.७.९. जोखिम पक्ष तथा अनुमान ........ 47

**परिच्छेद-४** ..... **47**

**सामाजिक क्षेत्र** ..... **47**

**४.१ शिक्षा, कला, भाषा तथा साहित्य** ..... **48**

**४.१.१. पृष्ठभूमि** ..... **48**

४.१. समस्या तथा चुनौति ..... 48
४.१.३. लक्ष्य ..... 49
४.१.४ उद्देश्य ..... 49
४.१.५. रणनीति ..... 49
४.१.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 49
४.१.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 49
४.१.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... 50
४.१.९. जोखिम पक्ष तथा अनुमान ..... 50

**४.२ जनस्वास्थ्य तथा पोषण** ..... **50**

**४.२.१. पृष्ठभूमि** ..... **50**

४.२.२. समस्या तथा चुनौति ..... 51
४.२.३. लक्ष्य ..... 51
४.२.४ उद्देश्य ..... 51
४.२.५. रणनीति ..... 51
४.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 51
४.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 52
४.२.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... 52
४.२.९. जोखिम पक्ष तथा अनुमान ..... 52

**४.३ खानेपानी तथा सरसफाइ** ..... **53**

**४.३.१. पृष्ठभूमि** ..... **53**

४.३.२. समस्या तथा चुनौति ..... 53
४.३.३. लक्ष्य ..... 53
४.३.४ उद्देश्य ..... 53
४.३.५. रणनीति ..... 53
४.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 53
४.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 54
४.३.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... 54
४.३.९. जोखिम पक्ष तथा अनुमान ..... 54

**४.४ महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण** ..... **55**

४.४.१. पृष्ठभूमि ..... 55
४.४.२. समस्या तथा चुनौति ..... 55

४.४.३. लक्ष्य ..... 55
४.४.४ उद्देश्य ..... 55
४.४.५. रणनीति ..... 56
४.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 56
४.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 56
४.४.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... 56
४.४.९. जोखिम पक्ष तथा अनुमान ..... 57

**४.५ युवा खेलकुद तथा नवप्रवर्तन ..... 57**

४.५.१. पृष्ठभूमि ..... 57
४.५.२. समस्या तथा चुनौति ..... 57
४.५.३. लक्ष्य ..... 58
४.५.४. उद्देश्य ..... 58
४.५.५. रणनीति ..... 58
४.५.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 58
४.५.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 58
४.५.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... 58
४.५.९. जोखिम पक्ष तथा अनुमान ..... 59

**परिच्छेद-५ ..... 60**

**पूर्वाधार क्षेत्र ..... 60**

**५.१ आवास, भवन तथा बस्ती विकास ..... 60**

५.१.१. पृष्टभुमि ..... 60
५.१.२. समस्या तथा चूनौति ..... 60
५.१.३. लक्ष्य ..... 60
५.१.४ उद्देश्य ..... 60
५.१.५. रणनीति ..... 60
५.१.६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 61
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमा ..... 61
५.१.८. आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण ..... 61
५.१.९. जोखिम पक्ष तथा अनुमान ..... 62

**५.२ सडक, पूल तथा यातायात ..... 62**

५.२.१. पृष्ठभूमि ..... 62
५.२.२. समस्या तथा चुनौति ..... 62
५.२.३. लक्ष्य ..... 62
५.२.४ उद्देश्य ..... 62
५.२.५. रणनीति ..... 63
५.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 63

५.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 63
५.२.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... 63
५.२.९. जोखिम पक्ष तथा अनुमान ..... 64

**५.३ जलस्रोत विद्युत तथा स्वच्छ ऊर्जा ..... 64**

५.३.१. पृष्ठभूमि ..... 64
५.३.२. समस्या तथा चुनौति ..... 64
५.३.३. लक्ष्य ..... 65
५.३.४ उद्देश्य ..... 65
५.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 65
५.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 65
५.३.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... 66
५.३.९. जोखिम पक्ष तथा अनुमान ..... 66

**५.४ सूचना तथा सञ्चार प्रविधि ..... 66**

५.४.१. पृष्ठभूमि ..... 66
५.४.२. समस्या तथा चुनौति ..... 66
५.४.३. लक्ष्य ..... 67
५.४.४ उद्देश्य ..... 67
५.४.५. रणनीति ..... 67
५.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 67
५.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 67
५.४.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... 68
५.४.९. जोखिम पक्ष तथा अनुमान ..... 68

**परिच्छेद-६ ..... 69**

**वन, वातावरण तथा विपद् व्यवस्थापन ..... 69**

**६.१ वन, भूसंरक्षण तथा जैविक विविधता ..... 69**

६.१.१. पृष्ठभूमि ..... 69
६.१.२. समस्या तथा चुनौति ..... 69
६.१.३. लक्ष्य ..... 69
६.१.४ उद्देश्य ..... 69
६.१.५. रणनीति ..... 70
६.१.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 70
६.१.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 70
६.१.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... 70
६.१.९. जोखिम पक्ष तथा अनुमान ..... 71

**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ..... 71**

६.२.१. पृष्ठभूमि ..... 71

६.२.२. समस्या तथा चुनौति ........ 72
६.२.३. लक्ष्य ........ 72
६.२.४. उद्देश्य ........ 72
६.२.५. रणनीति ........ 72
६.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 72
६.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 73
६.२.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 73
६.२.९. जोखिम पक्ष तथा अनुमान ........ 73
६.३.२. समस्या तथा चुनौति ........ 74
६.३.३. लक्ष्य ........ 75
६.३.४. उद्देश्य ........ 75
६.३.५. रणनीति ........ 75
६.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 75
६.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 75
६.३.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 76
६.३.९. जोखिम पक्ष तथा अनुमान ........ 76

**परिच्छेद-७ ........ 77**

**संस्थागत विकास तथा सुशासन ........ 77**

**७.१ नीति, कानून न्याय तथा सुशासन ........ 77**

७.१.१ पृष्ठभूमि ........ 77
७.१.२. समस्या तथा चुनौति ........ 77
७.१.३. लक्ष्य ........ 77
७.१.४. उद्देश्य ........ 77
७.१.५. रणनीति ........ 78
७.१.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 78
७.१.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 78
७.१.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 79
७.१.९. जोखिम पक्ष तथा अनुमान ........ 79

**७.२ संगठनात्मक विकास तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ........ 79**

७.२.१. पृष्ठभूमि ........ 79
७.२.२. समस्या तथा चुनौति ........ 79
७.२.३. लक्ष्य ........ 80
७.२.४. उद्देश्य ........ 80
७.२.५. रणनीति ........ 80
७.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 80
७.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 80
७.२.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 81

७.२.९. जोखिम पक्ष तथा अनुमान ..... 82

**७.३ राजश्व तथा स्रोत परिचालन ..... 82**

७.३.१. पृष्ठभूमि ..... 82
७.३.२. समस्या तथा चुनौति ..... 82
७.३.३. लक्ष्य ..... 82
७.३.४. उद्देश्य ..... 82
७.३.५. रणनीति ..... 82
७.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 83
७.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 83
७.३.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... 83
७.३.९. जोखिम पक्ष तथा अनुमान ..... 84

**७.४ तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन ..... 84**

७.४.१. पृष्ठभूमि ..... 84
७.४.२. समस्या तथा चुनौति ..... 84
७.४.३. लक्ष्य ..... 85
७.४.४. उद्देश्य ..... 85
७.४.५. रणनीति ..... 85
७.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... 85
७.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... 86
७.४.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... 86
७.४.९. जोखिम पक्ष तथा अनुमान ..... 86

**अनुसूचीहरु ..... 87**

**अनुसूची १ ..... 87**

**अनुसूची २ ..... 88**

**अनुसूची ३ ..... 97**

# परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल संघिय शासन प्रणालीमा गए पश्चात जन आकांक्षा झनै धेरै भएका छन् तर ति जन आकांक्षलाई सम्बोधन गर्नका लागि चाहिने स्रोत र साधन सीमित छन् । सिमित स्रोत साधनले असिमित जन आकंक्षा पुरा गर्नु पर्ने चुनौति हाम्रो देशको मात्र होइन, यो त विश्वका सवै जसो देशहरुको साझा समस्या हो । यहि परिस्थितिलाई मध्य नजर गर्दै सीमित स्रोत साधनको अधिकतम प्रयोग गर्न सहयोग पुऱ्याउने दस्तावेज भनेको मध्यमकालीन खर्च संरचना हो । जसले प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन सहयोग गर्दछ । आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तर सम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यसै सन्दर्भमा सोरु गाउँपालिकाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा आगामी तीन वर्षको खर्चको प्रक्षेपण सहित पहिलो पटक मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तर्जुमा गरेको छ । यस खर्च संरचना तर्जुमा कार्यमा गाउँ कार्यपालिकाको कार्यालय, विषयगत समितिहरु, विषयगत शाखा र वडा समितिका पदाधिकारी तथा कर्मचारीहरुको संलग्नता रहेको छ । खर्च संरचना तर्जुमा गर्दा गाउँपालिकाको नीति तथा योजना, गाउँपालिकामा उपलब्ध अन्य सूचना एवं तथ्याङ्क र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा समावेश भएका तथ्याङ्क एवं सूचनालाई आधार मानिएको छ ।

## १.२ अवधारणा तथा उद्देश्य

मध्यमकालीन खर्च संरचनाको अवधारणा सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा यस खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework – MTFF) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework – MTBF) तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यस पछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भए पछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।

यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नु पर्ने हुन्छ । यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थ परक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य नै दिगो विकासको लक्ष्य हो । सहस्राव्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नु पर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदाय सम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकास लगायतका कार्य जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैर सरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ । दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय स्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो ।

नेपालले चौधौं योजना देखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी रहेको छ, जस अनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं.२०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं.२०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्ती तर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास

लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ । सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरे सम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ ।
यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानी बिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घ स्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु.२०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैर सरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ । सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्य जिम्मेवारी भित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ ।

स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचना बीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ । दिगो विकासको लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव नहुने भएकोले यसमा सरकारी, नीजि, सहकारी र विकास साझेदार बीचमा साझेदारी हुन जरुरी हुन्छ । तसर्थ गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तर्जुमा र वार्षिक बजेट तर्जुमा गर्दा पनि यी क्षेत्रमा यस अघिका लक्ष्य प्राप्तिको समीक्षाका साथै दिगो विकासका बढी भन्दा बढी सूचकहरु हासिल गर्ने गरी कार्यक्रमहरु लागू गर्दै जानु वाञ्छनीय हुन्छ ।

## १.४ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल कायम गरी सार्वजनिक खर्च प्रणालीमा सुधार गर्दै वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति, योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धि मुलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थ परक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन

विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी स्रोत पुस्तिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७ - २०८१/८२)
- प्रथम पञ्च वर्षीय योजना (२०७६/७७-२०८१/८२) को आधार पत्र, कर्णाली प्रदेश योजना आयोग, नेपाल
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८०/८१)

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रकृया

**संस्थागत व्यवस्था**

मध्ममकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता अपनाउने उपकरण भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसको लागि संस्थागत व्यवस्थाका रुपमा देहाय बमोजिमका विभिन्न स्तरका समितिहरुको व्यवस्था गरिएको छ।

१.स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समिति
२.मध्ममकालीन खर्च संरचना कार्यदल
३.बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा समिति

**तर्जुमा प्रक्रिया**

यो मध्यमकालीन खर्च संरचना राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरूमा आधारित रही तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरी तर्जुमा गरिएको छ :

**चरण - १: विज्ञ छनोट, तालिम एवम् परिचालन**

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्शदातृ संस्थालाई जिम्मेवारी प्राप्त भई सके पश्चात् आवश्यक विज्ञको रुपमा मुख्यमन्त्री कार्यलय, सुरखेतबाट २०८० जेठ २४-२७ सम्म ४ दिनको विस्तृत अभ्यास मूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी आवश्यक साधन स्रोत सहित कार्यक्षेत्रमा परिचालन गरिएको थियो ।

**चरण - २ : मानव स्रोत परिचालन**

कार्यक्षेत्रमा खटिइ सके पछि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका अध्यक्ष तथा अन्य पदाधिकारीहरूसँग छलफल र बैठकको आयोजना गरी दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा, मध्यमकालीन खर्च संरचनाको अवधारणा, यस सम्बन्धी कानुनी व्यवस्थाहरू लगायतका विषयमा जानकारी गराउने, दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गर्ने, मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि कार्यदल गठन गर्ने तथा दस्तावेज तयारी कार्यलाई अघि बढाइएको थियो । यस प्रक्रियामा विज्ञले सकेसम्म सहजीकरणको भूमिका निर्बाह गरी गाउँपालिकाका सम्वद्ध पदाधिकारीको पनि अधिकतम सहभागिता गरिएको थियो ।

**चरण ३ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री सङ्कलन तथा समीक्षा**

स्थलगत रुपमा खटिए पछि विज्ञ टोलीले गाउँपालिकाको मार्ग निर्देशनमा स्थानीय तहको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरेको थियो । यस पश्चात् दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र, प्रदेश सरकार, कर्णाली प्रदेश योजना आयोग, २०७६
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार, प्रदेश सरकार एवं गाउँपालिकाको विनियोजन र आर्थिक ऐनहरू
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका आवधिक योजनाहरू नेपाल सरकारद्वारा जारी कोभिड-१९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका,
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन ,
- सोरु गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

**चरण ४:** मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा सम्वन्धी मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा ३ दिने कार्यशाला गोष्ठीमा छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी ढाँचा, औजार र कार्य योजनालाई परिमार्जन गरियो ।

**चरण ५:** अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०८० जेठ २४ गते एक दिन गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा/उपशाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरूको उपस्थितिमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालामा मध्यमकालीन खर्च संरचना तर्जुमा, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन गरियो । कार्यदलको विवरण अनसूची-१ मा प्रस्तुत गरिएको छ ।

**चरण ६:** विषयगत समिति/शाखा तथा पदाधिकारीहरूसँग परामर्श चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइ पदाधिकारी तथा गाउँपालिकाका शाखा उपशाखा प्रमुखसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र

लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार गरी हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा स्रोत आवश्यकता निर्धारण गरियो ।

**चरण ७:** स्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरण लगाएतका विभिन्न स्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको स्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको स्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक स्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित गाउँपालिकाको गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र विषय क्षेत्रगत नीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने स्रोतलाई मध्य नजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । स्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण ८:** विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तर्जुमा विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो । यसपश्चात् विषयगत शाखा/उपशाखाका कर्मचारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्न, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगोविकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण गर्ने कार्य सम्पन्न गरियो ।

**चरण ९:** विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी स्थलगत अध्ययन तथा विषयगत शाखाहरुसँगको परामर्श र छलफल सम्पन्न भए पश्चात् उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा तयार भएको विषय उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत समितिमा छलफल गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

**चरण १०:** मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई कार्यदलबाट एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यसरी तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो ।

**चरण ११:** मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला दस्तावेजको मस्यौदा तयार भई सके पछि आवश्यक सुझाव सङ्कलनका उद्देश्यले प्रमुख प्रशासकीय अधिकृत, शाखा तथा उपशाखा प्रमुखहरू तथा सम्बद्ध अन्य कर्मचारीहरूको सहभागितामा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरू प्रस्तुति गरी आवश्यक थप सूचना तथा तथ्याङ्क सङ्कलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरण तयार गरियो ।

**चरण १२:** मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर प्राप्त सुझावहरू समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरी अन्तिम रुप दिइएको छ । यस दस्ताबेजको तयारी गर्दा गाउँपालिकाको विषय क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत नीतिको परिमाणात्मक लक्ष्यलाई समेत आधार लिइएको छ । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण समावेश गरिएको छ ।

१. त्रिवर्षीय खर्च प्रक्षेपण सहित कूल बजेटको आकार तयारी
२. बजेट सीमा र मार्गदर्शन पठाउने
३. त्रिवर्षीय खर्च प्रक्षेपण सहित कार्यक्रम तथा बजेट तयार गरी कार्यपालिकामा पेश गर्ने
४. त्रिवर्षीय खर्च प्रक्षेपण सहित कार्यक्रम तथा बजेट उपर छलफल
५. कार्यपालिकामा मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्ने ।

# परिच्छेद-२

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात भएको हो । आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनु पर्दछ । यी तीन वटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनु पर्ने व्यवस्था रहेको छ । त्यसैले अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले परिकल्पना गरे बमोजिमको उद्देश्य पूरा गर्ने सोचलाई मनन् गर्दै नेपाल सरकारको पन्ध्रौ योजना तथा सोरु गाउँपालिकाले तय गरेको दीर्घकालिन सोच अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेकोछ ।

आर्थिक वर्ष (२०८०/८१-२०८२/८३) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनामा गाउँपालिकाको बृहत योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवं नेपाल सरकार तथा प्रदेश सरकार र गाउँलिकाको प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्ग चित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्र भित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

स्थानीय सरकारको रुपमा संविधान प्रदत्त नागरिक अधिकारहरूको व्यवहारिक रुपान्तरण गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु समेत चूनौति पूर्ण छ । उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि गर्नु नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्नु, गरिबी न्यूनीकरण गरी मर्यादित जीवन यापनको वातावरण सिर्जना गरी सुखी गाउँवासी तथा समृद्ध गाउँपालिका निर्माण गर्नु यहाँका मुख्य चुनौती हुन् । यि चुनौतीहरुका वावजुद पनि स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाहमा सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि जस्ता अवसरहरु पनि रहेका छन् । साथै स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्ने दिशामा अगाडि बढ्ने समेत अवसर सिर्जना भएको छ । पालिकाको संस्थागत स्वरुप, साधन, स्रोत तथा अधिकार स्पष्ट भई तोकिएका काम, कर्तव्य पुरा गर्ने दिशामा स्थानीय सरकार प्रतिबद्ध हुनु; स्थानीय सरकारहरू बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने

दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरू हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

## २.३ सोच उद्देश्य तथा रणनीति

सोरु गाउँपालिकाले विकासमा समृद्धि हासील गर्नको लागि निम्न सोच, उद्देश्य तथा रणनीति रहेको छ :

**"सुन्दर सुरक्षीत समृद्ध सुखी सोरुवासी"**

**सुन्दरः** प्राकृतिक श्रोतको दिगो उपयोग, वातावरण मैत्री विकास, प्रदुषण मुक्त, हराभरा, सांस्कृतिक मूल्य र मान्यता ।

**सुरक्षितः** विपद प्रतिरोधी आवास र पुर्वाधार विकास भएको, विपद जोखिम न्यूनीकरण भएको, आधारभूत स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा सुनिश्चित भएको, शान्ति सुरक्षा प्रभावकारी भएको सबै प्रकारका विभेद र द्वन्द्वको अन्त्य भएको ।

**समृद्धः** आय वृद्धि भई समतामूलक वितरण भएको, मानव विकास सूचङ्कमा उल्लेख्य वृद्धि भएको, हरित अर्थतन्त्रमा आधारित उच्च र दिगो उत्पादन तथा उत्पादकत्व र रोजगारका अवसरहरु विस्तार भई दिगो विकास लक्ष्य प्राप्त भएको ।

**सुखीः** आधरभुत आवश्यक्ताको परिपुर्ति भई स्वस्थ, सुरक्षित, मर्यादित र न्यायपूर्ण समाजको निर्माण भएको ।

### २.३.१ लक्ष्य

प्राकृतिक श्रोतको दिगो उपयोग, कृषिको व्यवसायिकरण, उत्थानशील वातावरण मैत्री पूर्वाधार विकास, परम्परागत लोक साँस्कृतिको संरक्षण, जैविक उत्पादन र पर्यटनको प्रवर्द्धन मार्फत समष्टिगत आर्थिक तथा सामाजिक विकासद्वारा नागरिकको जीवन स्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

### २.३.२ उद्देश्य

सोरु गाउँपालिकाको दीर्घकालीन सोचको आधारमा गाउँपालिकाको विकासको लक्ष्य देहाय अनुसार छन्:

१. दिगो, फराकिलो, सन्तुलित आर्थिक अवसरहरूलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रता दिनु,

२. व्यवसायिक कृषि, पशुपालनमा तथा पर्यटन र उद्योग व्यवसायका माध्यमवाट रोजगारी र आयमा वृद्धि गरी गाउँबासीको जीवन स्तरमा गुणात्मक सुधार गर्नु,

३.आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षामा सवैको पहुँच पुर्‍याई समावेशी विकास गर्नु,

५.समावेशी, वातावरण मैत्री, उत्थानशील दिगो भौतिक पूर्वाधारको विकास गरी सेवा तथा सुविधामा गाउँबासीको सहज पहुँच स्थापित गर्नु,

६.प्राकृतिक श्रोत र साधनहरुको संरक्षण, संवर्द्धन र दिगो उपयोग गरी पर्‍यापर्यटन तथा सांस्कृतिक पर्यटनको केन्द्र बनाउने ।

७. गाउँपालिकाको समग्र विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण र सक्षम एवं उत्प्रेरित मानव संसाधन मार्फत सुशासन प्रत्याभूती गर्नु ।

### २.३.३ रणनीति

१. कृषि क्षेत्रको उत्पादनलाई सतप्रतिशत प्राङ्गारिक र व्यबसायिक बनाई कृषि उत्पादनलाई प्याकेजिङ्ग तथा लेवलिङ्ग गरी बजारीकारण गर्ने ।

२. कृषि, उद्यम, पर्यटन लगाएतका उत्पादनशील क्षेत्रहरूमा युवाहरूको सहभागिता, सक्रियता र लगानीमा वृद्धि गर्ने ।

३. आर्थिक विकासका गतिविधिहरूलाई एकीकृत र ब्यवस्थित बनाउने गरी संस्थागत क्षमता विकास गर्ने ।

४. आर्थिक विकासमा योगदान पुग्ने गरी आर्थिक सम्भाव्य पूर्वाधारको विकास गर्ने ।

६. समावेशी, वातावरण मैत्री, उत्थानसिल, व्यवस्थित र सुरक्षित पूर्वाधार निर्माण गरी अर्थिक समृद्धि हासिल गर्ने ।

५.साँस्कृतिक, पर्यापर्यटन र ग्रामीण पर्यटनको विस्तार र पर्यटन क्षेत्रको विविधिकरण गर्दै पर्यटनका पुर्वधारहरुको निर्माण गर्ने ।

६. शिक्षित, स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने ।

७. विकास निर्माणका कार्यहरुमा हरित, उत्थानशील, समावेशी र सन्तुलित विकास अभ्यासको प्रवर्द्धन गर्ने ।

८. सार्वजनिक सेवाको गुणस्तर सुधार गरी सबै नागरिकको सहज पहुँच कायम गरी सुशासन कायम गर्ने ।

९. परम्परागत सामग्री उत्पादनमा आधुनिक सीप तथा प्रविधिको उपयोग गरी स्थानीय उत्पादनको संरक्षण र प्रबर्द्धन गर्ने ।

१०. गाउँपालिकाको सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको समुचित सहभागिता सुनिश्चित गर्ने ।

११. गाउँबासीलाई आधारभूत स्वास्थ्य, शिक्षा सेवाको पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्य, शिक्षा सेवाका पूर्वाधार सुधार, निर्माण गरी गुणस्तरीय सेवा विस्तार गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच तथा कर्णाली प्रदेशको "समृद्ध कर्णाली, सुखारी कार्णालीवासी" सोच र सोरु गाउँपालिकाको विकासको "सुन्दर सुरक्षित समृद्ध, सुखि सोरुवासी" भन्ने सोचका साथ आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य, उद्देश्य तथा नतिजा सूचक निर्धारण गरी निर्माण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका **नं. २.१** मा प्रस्तुत गरिएको छः

**तालकिा न २.१ मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)**

| क.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | वार्षिक उत्पादन | रु. लाखमा | २७० | २८० | ३१० | ३३० | ४०० |
| १.१ | कृषि | रु. लाखमा | ७० | ६० | ७० | ८० | १०० |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | २०० | २२० | २४० | २५० | ३०० |
| २. | औषत पारिवारिक आय | रु. लाखमा | २ | २.५ | ३ | ३.५ | ४.५ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | ५०० | ५५० | ६०० | ६२५ | ६७५०० |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | ६३०० | ७५०० | ८००० | १०००० | १५००० |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १० | १२ | १५ | १८ | २० |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, प्रदेशको प्रथम आवधिक विकास योजनाका आधारमो सोरु गाउँपालिकाको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक योजना, बार्षिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.२. प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ४.३ | ३.४ | ३ | २.५ | २ |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५४ | ५६ | ६० | ६५ | ७० |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३०० | ४०० | ४५० | ५०० | ५५० |
| ४ | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | २ | ३ | ४ | ५ | ६ |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | १० | १५ | २० | २५ | ३० |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | ० | ० | ० | ० | ० |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | ० | ० | ४ | ८ | १२ |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | ७० | ९५ | १२० | १३० | १५० |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ५६ | ७० | ७७ | ८४ | १०० |
| १० | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ५ | १० | ३० | ४० | ५० |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ६५ |
| १२ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| १३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९५ | ९८ | ९९ | १०० | १०० |
| १५ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | १५ | ५० | १५ | १० | ५ |
| १६ | जनजङ्गलको घनत्व (रुख प्रति हेक्टर) | संख्या | २०० | २०० | २१० | २१५ | २३० |
| १७ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | ० | ० | ३९ | ३९ | ३९ |
| १८ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | ३४ | २९ | ३५ | ४० | ५० |
| १९ | पर्यटन आगमन | संख्या | २००० | २५०० | ३००० | ३५०० | ४००० |
| २० | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | ३० | ४५ | ५० | ६० | ७० |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको प्रथम प्रयासको रुपमा तयार यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । पालिका स्तरीय गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्य नजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलब्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा व्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको मस्यौदा नीति कार्यक्रम बमोजिमको लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम र हासिल गर्ने नतिजाहरुलाई प्रमुख आधार मानिएको छ । गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था हुने गरी स्रोतको प्रक्षेपण गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँड स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम विगतको आयका आधारमा अनुमान गरिएको छ । आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु.२००६०२७२८८ हुने अनुमान सहिति प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छः

**तालिका २.३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र.सं. | बजेटका स्रोतहरु | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ आ.व.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| क. | आय | ४४९२३५ | ४१९८७३ | ४६०५१० | ५०६५६१ | ५५७२१७ | १५२४२८९ |
| १ | आन्तरिक आय | २५०० | ३३५० | ५०००० | ५५००० | ६०५०० | १६५५०० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ७१४९२ | ६२३०९ | ८७९३९ | ९६७३३ | १०६४०६ | २९१०७७ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *७०८५९* | ६१९७० | ८७६०० | ९६३६० | १०५९९६ | २८९९५६ |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | *६३२* | *३३९* | *३३९* | ३७३ | ४१० | ११२१ |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ३४९ | *३५७* | ३७५ | ४१३ | ४५४ | १२४२ |
| | *वन रोयल्टी* | *३४९* | *३५७* | *३७५* | ४१३ | ४५४ | १२४२ |
| | *खानी तथा खनिज रोयल्टी* | *०* | *०* | *०* | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० |
| | *विद्युत रोयल्टी* | ० | ० | ० | ० | ० | ० |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ० | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ३०९४१२ | २७०४७७ | २७०४६७ | २९७५१४ | ३२७२६५ | ८९५२४७ |
| | *वित्तीय समानीकरण अनुदान* | ९४०७३ | ६५७१२ | ६५७१२ | ७२२८३ | ७९५१२ | २१७५०७ |
| | *सशर्त अनुदान* | २१५३३९ | २०१०६५ | २०१०५५ | २२११६१ | २४३२७७ | ६६५४९३ |
| | *समपुरक अनुदान* | ० | ० | ० | ० | ० | ० |
| | *विशेष अनुदान* | ० | ३७०० | ३७०० | ४०७० | ४४७७ | १२२४७ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ६५४८३ | ८३३८० | ५१७२९ | ५६९०२ | ६२५९२ | १७१२२३ |
| | *वित्तीय समानीकरण अनुदान* | १००४१ | १००३९ | १००३९ | ११०४३ | १२१४७ | ३३२२९ |
| | *सशर्त अनुदान* | ५५४४२ | ४१६९० | ४१६९० | ४५८५९ | ५०४४५ | १३७९९४ |
| | *समपुरक अनुदान* | ० | ० | ० | ० | ० | ० |
| | *विशेष अनुदान* | ० | ० | ० | ० | ० | ० |
| ६ | **अन्य अनुदान** | | ० | | | | ० |
| ७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | ० | ० | | | | ० |
| ८ | **जनसहभागिता** | | | | | | ० |
| ९ | **आन्तरिक ऋण** | ० | ० | | | | ० |
| १० | **मौज्दात रकम** | | | | | | ० |
| **ख.** | **जम्मा खर्च** | ४४९२३५ | ४१९८७३ | ४६०५१० | ० | ५५७२१७ | १०१७७२८ |
| १ | चालु खर्च | २९२००३.०६९८ | २७२९१७.७७ | २९९३३२ | ० | ३६२१९१ | ६६१५२३ |
| २ | पुँजीगत खर्च | १५७२३२.४२२२ | १४६९५५.७२०१ | १६११७९ | १७७२९६ | १९५०२६ | ५३३५०१ |
| ३ | वित्तीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | | | | | | ० |
| **ग.** | **बचत (-) न्यून (+)** | | ० | | | | ० |

## २.७ बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

### (क)रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

आवधिक विकास योजना नवनेका कारण रणनीतिक स्तम्भका आधारमा वजेट अनुमान तथा प्रक्षेपण गर्न नसकिने भएकाले आगामी आर्थिक वर्षको वजेट वाँडफाँड गर्दा आवधिक विकास योजना निर्माणलाई प्राथमिकता दिनु पर्ने आवश्यकता देखिएकोले हाललाई यो खण्डको विश्लेषण गर्न नसकिएको हो । आगामी आ.व.मा आवधिक विकास योजना निर्माण भई रणनीतिक स्तम्भका आधारमा वजेट अनुमान तथा प्रक्षेपण गरिनेछ।

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | गत आ.व.को यथार्थ | | चाल आ.व. को संशोधित अनुमान | | आगामी आ.व. को विनियोजन | | ६ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आधुनिक प्रविधिको प्रयोग गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | | | | | ७५४०० | २४.६१ | ८२९४० | २५.५१ | ८७०८७ | २५.१४ |
| २ | कृषि पूर्वाधारको विकास र कृषि उद्योगहरुको स्थापना | | | | | ८९२५० | २९.१३ | ९८१७५ | ३०.१९ | १०७९९३ | ३१.१८ |
| ३ | पशुपन्छी जन्य व्यवसाय मार्फत लक्षित वर्गको स्वरोजगार तथा आय आर्जनको | | | | | ४५०० | १.४७ | ४९५० | १.५२ | ५१९७.५ | १.५० |
| ४ | सार्वजानिक निजि तथा सामुदायिक क्षेत्र सगँ सहकार्य गरि कृषि धार्मिक तथा | | | | | ४५०० | १.४७ | ४९५० | १.५२ | ५१९७.५ | १.५० |
| ५ | स्थानीय श्रोत एवम् सीपको उपयोग गरि कृषि तथा पर्यटनमा लघु घरेलु तथा साना | | | | | १०५० | ०.३४ | ११५५ | ०.३६ | १२१२.७५ | ०.३५ |
| ६ | साकारात्मक विभेद नीति तयार गरि विपन्न परिवारका सदस्यलाई विकास निर्माणको | | | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ७ | गुणस्तरीय स्वास्थय सेवामा सबैको पहुँचमा अभिवृद्धि गर्ने | | | | | ४८१८५ | १५.७३ | ५०५९३.७ | १५.५६ | ५३१२३.४ | १५.३४ |
| ८ | रोजगारी र उद्यमशीलता विकास गर्न प्रवाधिक र व्यवसायक शिक्षामा जोड दिई | | | | | २५००० | ८.१६ | २७५०० | ८.४६ | २८८७५ | ८.३४ |
| ९ | जोखिम तथा कमजोर आर्थिक अवस्था रहेको वस्तीहरुको सुरक्षित वातावरणमैत्री | | | | | २५००० | ८.१६ | २७५०० | ८.४६ | २८८७५ | ८.३४ |
| १० | सुरक्षित यातायात सुविधा विस्तार गरि कृषि उद्योग व्यापार जलविद्युत पर्यटन शिक्षा र | | | | | ८५०० | २.७७ | ८५० | ०.२६ | ८९२.५ | ०.२६ |
| ११ | विद्युत प्रसारण व्यवस्थालाई प्रभावकारी बनाउदै वैकल्पिक उर्जा र नवीकरणीय | | | | | २००० | ०.६५ | २२०० | ०.६८ | २३१० | ०.६७ |
| १२ | सूचना प्रविधिको प्रयोगलाई सुरक्षित भरपर्दो र सर्वोसुलभ सुशासनमा टेवा पुऱ्याउने | | | | | १००० | ०.३३ | १०१० | ०.३१ | १०६०.५ | ०.३१ |
| १३ | जैवीक विविधता जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय | | | | | ७१०० | २.३२ | ७४५५ | २.२९ | ७८२७.७५ | २.२६ |
| १४ | विपद् व्यस्थापनलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्था गरी आपत्कालीन खोज | | | | | ९६०० | ३.१३ | १००८० | ३.१० | १०५८४ | ३.०६ |
| १५ | मानव सृर्जित फोहोर व्यवस्थापन गरी प्रशोधन सहित पुन उपयोग गर्न मिल्ने | | | | | २८०० | ०.९१ | ३०८० | ०.९५ | ३२३४ | ०.९३ |
| १६ | संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रविधि, | | | | | २५०० | ०.८२ | २७५० | ०.८५ | २८८७.५ | ०.८३ |
| ८ | | | | | | ३०६३८५ | १००.०० | ३२५१८९ | १००.०० | ३४६३५७ | १००.०० |

**तालिका २.४ रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

### (ख) प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकताक्रम | आयोजना संख्या | आ.व. २०८१/८२ विनियोजन | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | १६ | ८७५० | २०.८८ | ११३५० | २४.५९ | ६९०० | १६.५३ |
| दोस्रो (P2) | ३३ | ३३१५० | ७९.१२ | ३४८०० | ७५.४१ | ३४८५० | ८३.४७ |

### (ग) दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आ.व. २०८१/०८२ को विनियोजन | | आ.व. २०८२/०८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/०८४को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ७००० | १७.०४ | १०००० | २१.८६ | ९४०० | २०.९१ |
| २ | शून्य भोकमरी | ११००० | २६.७८ | ११००० | २४.०४ | ११००० | २४.४७ |
| ३ | स्वस्थ जीवन | ४०० | ०.९७ | ४५० | ०.९८ | ६५० | १.४५ |
| ४ | गुणस्तरीय शिक्षा | ५००० | १२.१७ | ५००० | १०.९३ | ५००० | ११.१२ |
| ५ | लैङ्गिक समानता | १००० | २.४३ | १५०० | ३.२८ | ५०० | १.११ |
| ६ | स्वच्छ पानी र सरसफाइ | १००० | २.४३ | १००० | २.१९ | १००० | २.२२ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १००० | २.४३ | ५०० | १.०९ | ५०० | १.११ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ४२२५ | १०.२९ | ४८५० | १०.६० | ६४०० | १४.२४ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ५०० | १.२२ | २५० | ०.५५ | २५० | ०.५६ |
| १० | असमानता न्यूनीकरण | १५० | ०.३७ | २०० | ०.४४ | २५० | ०.५६ |
| ११ | दिगो शहर र बस्ती | २००० | ४.८७ | २००० | ४.३७ | २००० | ४.४५ |
| १२ | दिगो उपभोग र उत्पादन | ५०० | १.२२ | ५०० | १.०९ | ५०० | १.११ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ५३०० | १२.९० | ५५०० | १२.०२ | ५५०० | १२.२४ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | २००० | ४.८७ | ३००० | ६.५६ | २००० | ४.४५ |
| १७ | दिगो विकासको लागि साझेदारी | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| **कुल जम्मा** | | ५९६७८५ | ४१०७५ | १००.०० | ४५७५० | १००.०० | ४४९५० |

### (घ) लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ ।

**तालिका २.७ लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | आ.व. २०८१/०८२को विनियोजन | | आ.व. २०८२/०८३ को विनियोजन | | आ.व. २०८३/०८४ को विनियोजन | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | ० | ० | ० | ०.०० | ० | ०.०० |
| २ | सहयोगी | २७९०० | ६८.५५ | २७९०० | ६६.५९ | ३१२०० | ७०.५९ |
| ३ | तटस्थ | १२८०० | ३१.४५ | १४००० | ३३.४१ | १३००० | २९.४१ |
| **कुल जम्मा** | | ४०७०० | १००.०० | ४१९०० | १००.०० | ४४२०० | १००.०० |

**(ङ)जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ ।

**तालिका २.८ जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | आ.व. २०८०/०८१ को विनियोजन | | आ.व. २०८०/०८१ को विनियोजन | | आ.व. २०८०/०८१ को विनियोजन | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | १७८०० | ४३.७३ | १८००० | ३९.७४ | १८००० | ४०.७२ |
| २ | सहयोगी | ९००० | २२.११ | १२००० | २६.४९ | १२९०० | २९.१९ |
| ३ | तटस्थ | १३९०० | ३४.१५ | १५३०० | ३३.७७ | १३३०० | ३०.०९ |
| कुल जम्मा | | ४०७०० | १०० | ४५३०० | १०० | ४४२०० | १०० |

## २.८ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ । आर्थिक वर्ष २०८०/८१को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

**तालिका २.९ आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)**

# सोरु गाउँपलिकाको मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४)

| विषय क्षेत्र/ उपक्षेत्र | कार्यक्रम / आयोजनाको संख्या | २०८१।०८२.को व्यय अनुमान | | | | २०८२।२०८३ को खर्च प्रक्षेपण | | | | २०८३।२०८४ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालू | पूँजीगत | वित्तीय व्यवस्था | कूल | चालू | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| आर्थिक | | | | | | | | | | | | | |
| कृषि | २ | ६००० | १५०० | ४५०० | ० | ९५०० | १५०० | ७००० | ० | ७४०० | ७०० | ६७०० | ० |
| सिंचाई | | ११००० | २३०० | ८७०० | ० | ११००० | २२०० | ८८००० | ० | ११००० | २२०० | ८८०० | ० |
| पशुपन्छी | १ | १००० | ३०० | ७०० | ० | १००० | ३०० | ८०० | ० | १००० | ३०० | ८०० | ० |
| उद्योग | २ | २२५० | १६०० | ६५० | ० | २३५० | ३०० | २०५० | ० | ३९०० | ३३०० | ६०० | ० |
| पर्यटन | २ | २००० | ४०० | १६०० | ० | २५०० | ७०० | १८०० | ० | २५०० | १८०० | ७०० | ० |
| सामाजिक | | | | | | | | | | | | | |
| शिक्षा कला र संस्कृति | १ | ५००० | १००० | ४००० | ० | ५००० | १००० | ४००० | ० | ५००० | १००० | ४००० | ० |
| स्वास्थ्य तथा पोषण | २ | ३५० | १०० | २५० | ० | ४५० | १०० | ३५० | ० | ६५० | १५० | ५०० | ० |
| खानेपानी तथा सरसफाई | १ | १००० | २०० | ८०० | ० | ८०० | १००० | २०० | ० | १००० | २०० | ८०० | ० |
| महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | २ | १८०० | ६०० | १२०० | ० | २२०० | ६०० | १५०० | ० | १४०० | १००० | ४०० | ० |
| युवा खेलकुद तथा नवप्रर्वतन | ३ | २५०० | ५०० | २००० | ० | २५०० | ५०० | २००० | ० | २५०० | ५०० | २००० | ० |
| सामाजिक सुरक्षा र पञ्जीकरण | १ | २०० | ५० | १५० | ० | १५० | ५० | १०० | ० | १५० | ५० | १५० | ० |
| पूर्वधार | | | | | | | | | | | | | |
| भवन,वस्ती तथा आवास | ३ | १५०० | ३०० | १२०० | ० | १५०० | ५०० | १००० | ० | १२५० | २५० | १००० | ० |
| सडक, पुल तथा यातायात | ३ | ४५००० | ५००० | ४०००० | ० | २०००० | ४००० | १६००० | ० | ६००० | १००० | ५००० | |
| जलविद्युत तथा स्वच्छ उर्जा | ३ | ३००० | ५०० | २५०० | ० | ३००० | ५०० | २५०० | ० | २००० | ५०० | १५०० | ० |
| सूचना तथा सञ्चार प्रविधि | २ | १००० | २०० | ८०० | ० | १००० | २०० | ८०० | ० | १००० | २०० | ८०० | ० |
| वन,वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | | | | |
| वन,भू संरक्षण तथा जैविक विविधता | ५ | २००० | ५०० | १५०० | ० | २५०० | ५०० | २००० | ० | २६०० | ६०० | २००० | ० |
| विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | २ | ८००० | १००० | ७००० | ० | ६००० | १००० | ५००० | ० | ८००० | २००० | ६००० | ० |
| सुशासन तथा संस्थागत क्षमता विकास | | | | | | | | | | | | | |
| संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | २ | २००० | १००० | १००० | ० | २००० | १००० | १००० | ० | | ३५०० | १५०० | २००० |
| राजस्व तथा स्रोत परिचालन | १ | ५०० | २५० | २५० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| तथ्याङ्क प्रणाली तथा योजना र विकास व्यवस्थापन | | | | | | | | | | | | | |
| कुल जम्मा | | ९६१०० | १७३०० | ७८८०० | ० | ७३४५० | १५९५० | १३६१०० | ० | ५७३५० | १९२५० | ४३२५० | २००० |

# परिच्छेद-३

## आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा खाद्य, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि

### ३.१.२ पृष्ठभूमि

सोरु गाउँपालिकामा जडिबुटी, अन्नबाली, तरकारी, फलफूल खेती तथा दलहन बालीको उत्पादन हुने गर्दछ । हाल यस गाउँपालिकामा २५० हेक्टरमा कृषि खेती गरिएको छ । यस गाउँपालिकामा ८० प्रतिशत जनसंख्या कृषिमा आधारित रहेका छन् भने ७० कृषक समूह छन भने २१२५ कृषकहरू समूहमा आवद्ध भई व्यावसायिक कृषिमा संलग्न रहेका छन् । अझै पनि परम्परागत एवम् व्यावसायिक उत्पादनले उत्पादनशिलतामा वृद्धि हुन सकेको छैन । स्याउ, ओखर र सिमिमा यस पालिकाको कृषि क्षेत्रको उच्च सम्भाव्यता रहेको छ । पछिल्लो समय जीविको पार्जनमुखी रहेको कृषि क्षेत्रले क्रमशः व्यावसायिक खेती गरिरहेको देखिन्छ । कृषि जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारको रूपमा रहेको छ । यस गाउँपालिकामा उत्पादन हुने ओखर, स्याउ, सिमी, आलु, कागुनो, चिनो, फापर तरकारी व्यावसायिक गर्ने र रैथाने बाली कोदो, जौं, मकै, चिनो, कागुनो, फापर, आदी बालीहरूको सरक्षण प्रवर्द्धन तथा उपभोग गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याइएको छ ।

### ३.१.३ समस्या तथा चुनौति

अधिकांश कृषकहरुमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ । बाली सरंक्षण र भण्डारण तथा बढी उत्पादनको लागि मलखाद र विषादीको समुचित प्रयोग हुन सकेको छैन । कृषियोग्य जमीनमा वस्ती विस्तार बृद्धि, कृषिमा यान्त्रिकीकरण गर्न कठिन हुँदै गएको छ । वैज्ञानिक प्रविधिको प्रयोग नहुँदा कृषिजन्य उत्पादनमा बृद्धि नहुनु र उत्पादित वस्तुको व्यवसायीकरण गरी आर्थिक विकास गर्न नसक्दा यसबाट खासै उपलब्धि हासिल गर्न सकिएको देखिदैन । भूस्वरुपमा परिवर्तन, परम्परागत प्रविधिको प्रयोग, भरपर्दो सिंचाई सुविधाको कमी, कृषि ऋण पहूँच र उपलब्धतामा कमी, कृषि बजारको असुविधा यस गाउँपालिकाको कृषि उपक्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ३.१.४ लक्ष्य

**"जैविक कृषि क्षेत्रको विकास हाम्रो समृदि दिगो आधार"**

#### ३.१.५ उद्देश्य

(क) आधुनिक कृषि प्रणाली मार्फत अर्गानिक कृषिउपज उत्पादनमा लाई व्यवसायीकरण गर्नु,

(ख) कृषि उपजहरूको संकलन, भण्डार र बजारीकरण गरी उचित मुल्य कायम गर्नु,

(ग) असँगठित किसानहरूलाई वर्गीकरण र सँगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकास मार्फत कृषिको व्यावसायिकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्नु,

(घ) अध्ययन अनुसन्धानका आधारमा रैथाने कृषि उपजको संरक्षण, सम्वर्द्धन र व्यवसायीकरण गर्नु ।

## ३.१.६ रणनीति

(क) सामुहिक खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने ।
(ख) कृषिमा प्रदान गरिने अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने,
(ग) अन्तर स्थानीय तहहरू र निजी क्षेत्रको समेत सहकार्यमा कृषि उपज संकलन, भण्डारण र प्रशोधनका लागि कृषि पूर्वाधारको विकासलाई तिब्रता दिने ।
(घ) उत्पादित कृषि उपजको लेवलीङ, प्याकेजीङ गरी बजारीकरण गर्ने ।

## ३.१.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

विगतका बार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | आ.व.२०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ४० | ६ | ३० | ४५ | ६० |
| वार्षिक उत्पादन | रु. लाखमा | १८१३.५ | २०१५ | २११५.७५ | २,३२७.३३ | २,५६०.०६ |
| कृषि | रु. लाखमा | १३९८ | १४६५ | १५३८.२५ | १,६९२.०८ | १,८६१.२८ |
| गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | ४१५.५ | ५५० | ५७७.५ | ६३५.२५ | ६९८.७८ |
| औषत पारिवारिक आय | रु. लाखमा | ०.६९ | ०.७८ | ०.८१९ | ०.९० | ०.९९ |
| उद्योग,व्यापार र व्यावसाय | संख्या | १५०.०० | २०० | २१० | २३१.०० | २५४.१० |
| औपचारिक क्षेत्रमा रवजगारी सिर्जना | कार्य दिन | १५०,०००.०० | २००००० | २१०००० | २३१,०००.०० | २५४,१००.०० |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ८५.०० | ८८ | ९२.४ | ९५.०० | ९८.०० |
| कुल तरकारी उत्पादन | मे.ट. | १५० | २०० | ३५० | ४०० | ४५० |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | २ | ३ | ४ | ५ | ६ |
| नगदे बालीको औषत उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | १ | २ | ३ | ५ | ७ |
| संकलन केन्द्र | संख्या | ० | ० | ४ | ६ | ८ |
| फलफूल बालीको औषत उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | ६ | ७ | ९ | १० | १२ |

## ३.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१।०८२ | ३२०१२ | २०८०८ | ११२०४ | ० | 23100 | 7575.2 | 1337 | ० |
| २०८२।०८३ | ३५२१३ | २२८८९ | १२३२५ | ० | २४००० | ९५३१ | १६८२ | ० |
| २०८३।०८४ | ३८७३५ | २५१७७ | १३५५७ | ० | २५००० | ११६७४ | २०६० | ० |

## ३.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १. | फलफूल खेती प्रवर्द्धन कार्यक्रम | फलफूलको उत्पादान बढाउने | सालबसाली | ९९०० | 50% फलफूल उत्पादन बढेको हुनेछ । |
| २ | रैथाने बिउ तथा बाली (सिमी, चिनु, कागुनो, चुली, खामो, चोती, ढटेलो) | स्थानीय बालीनालीको उत्पादन बढाउने | सालबसाली | १२००० | ४०% उत्पादन बढेको हुनेछ । |
| ३ | आयमूलक सामुदायिक वनका लागि जडिबुटी खेती प्रवद्धन कार्यक्रम | जडिबुटिको संरक्षण हुने | सालबसाली | ३००० | २५% जडिबुटी सङ्कलन वृद्धि हुनेछ । |
| ४ | कृषि यान्त्रिकरण कार्यक्रम | कृषिमा सुधार हुनेछ | सालबसाली | ६००० | ४०% कृषि उत्पादन वृद्धि भएको हुनेछ |
| ५ | एक वडा एक उत्पादन कार्यक्रम | वडास्तरका बासिको आयआर्जन मा वृद्धी | सालबसाली | ७५०० | प्रत्येक वडामा एक उत्पादन कार्यक्रम |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ

## ३.२ सिँचाई

### ३.२.१ पृष्ठभूमि

सोरु गाउँपालिका अधिकांस जमिनमा सिचाई सुविधा उपलब्ध छैन । सिचाईका गर्न सक्ने सवै जमिनमा सिचाईको सुविधा पुग्न सकेको छैन । सिचाई गर्नको लागि सिचाईका स्रोतहरु भने प्रसस्त रहेको छ ।  यस गाउँपालिकामा सिचाईका स्रोतहरुमा कर्णाली नदि, कच्या  खोला, रोम खोला, सिप खोला, दै खोला आदि मुख्य श्रोत हुन । सिचाई मार्फत कृषि उपजहरुमा वृद्धि गर्नको लागि सिचाई क्षेत्रमा लगानी गर्नु पर्ने देखिन्छ । हाल सम्मको तथ्यांक अनुसार ३५ प्रतिशत जमिनमा मात्रै सिचाई सुबिधा पुगेको छ ।

### ३.२.२ समस्या तथा चुनौति

यस गाउँपालिकामा उर्वर कृषि भूमि र फाँटहरू बजार तथा आवास विस्तारका कारण मासिँदै जाँदा कृषि योग्य जग्गा घट्दो क्रममा रहको छ । यस क्षेत्रको भिरालो जमिनमा उचित सिंचाई सुबिधाको कमी रहेको छ । सिंचाई सुबिधाको न्यायोचित वितरण तथा सहज उपलब्धताको कमी रहेको छ । सिचाई आयोजनाको दिगो उपयोग, मर्मत सम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ । समथर फाँट भन्दा माथिको सुख्खा क्षेत्रमा सिंचाई सुबिधाका लागि वैकल्पिक सिंचाई सुबिधाको व्यवस्था हुन नस्कनु ।

### ३.२.३ लक्ष्य

**“दिगो व्यवस्थीत सिचाई’’**

### ३.२.४ उद्देश्य

(क) सिचाई सुबिधामाको सबैको पहुँच ।

(ख) सिचाई प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्नु ।

### ३.२.५ रणनीति

(क) सिचाई योग्य जमिनहरुमा व्यवस्थित सिचाई सुविधा पुऱ्याउने ।

(ख) सिंचाई सुविधा नपुगेका ग्रामीण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधरित सिंचाई प्रणालीको प्रवर्द्धन गर्ने ।

### ३.२.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. २०७/७९ २०७९/८० सम्मको वास्तविक उपलब्धि | आ.व. सम्मको २०७९/८० सम्मको वास्तविक उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | २०८१/८२ | २०८२/८३ |
| कृषि योग्य भुमिमा सिञ्चित क्षेत्रफल | प्रतिशत | 25 | 25 | 30 | 40 | 45 |
| कुल खेतीयोग्य भूमि मध्ये वर्षै भरी सिचाई सुविधा उपलब्ध भूमि । | प्रतिशत | 5 | 6 | 7 | 15 | 25 |
| सिचाई निर्माण | संख्या | ५ | ८ | १० | १५ | ३० |

## ३.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ५२५ | १०५ | ४२० | ० | २५० | २३४ | ४१ | ० |
| २०८२/८३ | ५७६ | ११५ | ४६० | ० | २६० | २६८ | 47.4 | ० |
| २०८३/८४ | ६३३ | १२७ | ५०६ | ० | ३०० | २८३ | ५० | ० |

## ३.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १. | सिंचाई कुलो मर्मत सम्भार कार्यक्रम | कृषि उत्पादनमा वृद्धि हुनेछ | सालबसाली | ३०००० | ९०% सिँचाई कुलो नियमित रुपमा प्रयोग भएको हुनेछ |

## ३.२.९ जोखिम पक्ष तथा अनुमा

सिचाईलाई वार्षिक नीति कार्यक्रम तथा बजेट मार्फत सिंचाई प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था सुनिश्चित गरी समयमा सम्पन्न हुनेछ । संघ, प्रदेश र स्थानीय तह वीच समन्वय र सहकार्यमा विकास हुनेछ ।

स्थानिय अवस्था, प्रविधि तथा नविनतम खोज ताथ विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३ पशुपन्छी

### ३.३.१ पृष्ठभूमि

सोरु गाउँपालिकामा विशेषगरी गाई, भैंसी, भेडा, खच्चड, घोडा, सुँगुर, कुखुरा आदि यस पालिकामा पालिने मुख्य घरपालुवा पशुहरू हुन्। पशुहरू मूलतः दूध, मासु र फुल (अण्डा)का लागि पाल्ने गरिएको छ । पशुपालनको अधिकतर हिस्सा परम्परागत पशुपालनले ओगटेको भए पनि व्यावसायिक पशुपालनको विकाससँगै वर्णशङ्कर तथा उन्नत नश्लका पशुको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि हुँदै गएको छ ।व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा आवश्यक प्राविधिक ज्ञान, सेवा तथा परामर्श सहयोगको कमी रहेको छ । अर्कौ तर्फ भौतिक पूर्वाधारको कम्जोर अवस्था गर्दा परम्परागत विधिबाट पशुपन्छी पालन गर्नु पर्ने, पशु उपचारका लागि सजिलै औषधी उपलब्ध नहुने र उपलब्ध भएका प्रविधि एवं औषधी सेवा महङ्गो हुने अवस्थाले पशुपन्छी पालन व्यवसायिक बन्न सकेको छैन । अझै पनि पालिकाकामा सम्भाव्यता रहदा रहदै पनि व्यावसायिक पशुपालन तथा पकेटक्षेत्रको विस्तार हुन सकेको छैन । पशुपन्छी विकासको लागि आवश्यक नीति, ऐन, कानून नभएकोले अनुदानमा वितरण गरिएका पशुपन्छीहरू हानी नोक्सानी हुने गरेको र कानूनी दायरामा ल्याउन सकिएको छैन । उन्नत नश्लका पशुपन्छी पालन, पशुपन्छीका लागि बीमा अनुदान, सहुलियतपूर्ण ऋणको व्यवस्था कार्यान्वयन प्रभावकारी नभएको साथै पशुपालनबाट मासु, दूध, अण्डामा निर्भर हुन सकिएको छैन । पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभाबमा रहेको छ भने केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ। पशुआहारका लागि उन्नत घाँसको बीउ तथा डालेघाँसको उत्पादनमा कमी रहेको छ ।

### ३.३.२ समस्या तथा चुनौति

व्यवस्थित र व्यावसायिक रूपमा पशुपालनको उत्पादन र उत्पादकत्व परम्परागत रुपमा रहेको छ । आधुनिक तथा व्यावसायिक पशुपालनमा संलग्न व्यावसायिक कृषकको सङ्ख्या नगण्य रहेकाले उत्पादकत्व र उत्पादन न्यून रहेको छ । पूँजी र प्रविधिको न्यूनता हुँदा आधुनिक र व्यवसायिक पशुपालनमा लगानीको आकार निकै सानो र उत्पादन र उत्पादकत्व न्यून रहेको हुँदा हुँदा सिङ्गो गाउँपालिकाको अर्थतन्त्रमा यस क्षेत्रले उल्लेख्य योगदान दिन सकेको छैन । पशुपक्षीसँग सम्बन्धित विभिन्न कलकारखाना रहेका छैनन् ।

### ३.३.३ लक्ष्य

**"व्यवसायिक उत्पादनशील पशुपालन"**

### ३.३.४ उद्देश्य

(क) पशु पालन व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी र वातावरण मैत्री बनाई आन्तरिक मागको आपुर्ती, आयात प्रतिस्थापन गर्दै क्रमसः निर्यात प्रर्वद्धन गर्नु ।

(ख) पशुपालन व्यवसायलाई व्यवसायीक बनाउन पुर्वाधार सहितका पकेट क्षेत्रहरू विकास र कृषक समूह, कृषि सहकारी र व्यवसायीहरूको क्षमता विकास गर्नु ।

(ग) उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा तथा पोषण स्थितिमा सुधार ल्याउने ।

### ३.३.५ रणनीति

(क) कृषक तथा पशुपालकलाई पशुपालनलाई व्यवसायीक बनाउन नयाँ ज्ञान, सीप र प्रविधि मैत्री बनाउदै लौजाने ।

(ख) स्थानीय जातका पशुपन्छीको संरक्षण र उन्नत जातका पशुपन्छी पालनलाई प्रोत्साहन गर्दै दुध, अण्डा र मासु उत्पादनमा वृद्धि गरी आत्मनिर्भरता हासिल गर्ने ।

(ग) भू-बनोट तथा हावापानीको आधारमा सम्भाव्यता अध्यान गरी पकेट क्षेत्रको विस्तार गर्ने ।

(घ) आधुनिक, व्यावसायिक पशुपालनमा युवा वर्गलाई आकर्षित गर्ने ।

### ३.३.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८१२ | २०८२/८३ | २०८३/८४ |
| | | | | | | |
| भेडा/बाख्रा पकेट | बटा | २ | २ | | २ | २ |
| पशु प्राविधिक | जना | १० | १० | १० | १० | १० |
| | | | | | | |

### ३.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०९० | ८७२ | २१८ | ० | ६०० | ४१६ | ७३ | ० |
| २०८१/८२ | ११९९ | ९५९ | २४० | ० | ६५० | ४६७ | ८२ | ० |
| २०८२/८३ | १३१९ | १०५५ | २६४ | ० | ७०० | ५२६ | ९३ | ० |

### ३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.न | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १. | पशुपंक्षीमा पोषण सुधार कार्यक्रम | निरोगी र स्वस्थ् पशुवस्तुको उत्पादनमा वृद्धि हुने | २०८१/०८२-२०८३/०८४ | १५०० | हालको तुलनामा ७०% वृद्धि हनेछ |
| २. | पशुपक्षी रोग नियन्त्रण, पशुपक्षी बीमा, क्षमता अभिवृद्धि लगायत अन्य पशुसेवा कार्यक्रम । | पशुपालन गर्ने कृषकहरुको क्षमता अभिवृद्धि गर्दै पशुपक्षी रोग नियन्त्रण, पशुपक्षी बीमा लगाएत अन्य पशुसेवा कार्यक्रम सञ्चालन गर्ने । | सालबसाली | ३,१८१ | वर्षमा कम्तीमा २ पटक पशु शिविर । ५० प्रतिशत पशुको विमा कार्यक्रम । कृषक समुहलाई तालिम तथा व्यवस्थित पशुसोवा । |

## ३.३.९ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रमा संलग्न अधिकांश कृषहरुले गरेको पशुपालन भनेको जिविको उपर्जनका लागि मात्र लक्षित रहेको छ । परम्परागत रुपमा सञ्चालन हुँदै आएको यस क्षेत्रका कृषकहरुमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ । परम्परागत पशुपालनको उत्पादन र उत्पादकत्व न्यून रहेको छ भने आधुनिक तथा व्यावसायिक पशुपालनमा संलग्न व्यावसायिक कृषकको सङ्ख्या नगण्य रहेको छ । आर्थिक समृद्धिको लागि यस क्षेत्रको प्रचुर सम्भावना रहदा रहदै पनि पूँजी र प्रविधिको न्यूनता हुँदा आधुनिक र व्यवसायिक पशुपालनमा लगानीको आकार निकै सानो र उत्पादन र उत्पादकत्व न्यून रहेको हुँदा गाउँपालिकाको अर्थतन्त्रमा यस क्षेत्रको योग्दान दिन सकेको छैन । अर्को तर्फ वेरोजगार युवाहरुलाई कृर्षिमा आधारित व्यवसायमा आकर्षित गर्न नसकोको अवस्था छ ।

परम्परागत पशुपक्षीपालन पद्धति सोचेअनुसार रुपान्तरण हुन सकेको छैन । पशुसेवा क्षेत्रमा कृषको आकर्षण र मागका तुलनामा बजेट निकै न्यून रहेको छ । वडा, टोल स्तरसम्म कृषकहरूलाई सेवा दिन प्राविधिक जनशक्तिको कमी रहेको छ । पशुपक्षी पालनमा आवश्यक लगानी हुन नसक्दा पनि युवाहरू वैदेशिक रोजगारीप्रति आकर्षित भएका छन्र अन्य रोजगारको तुलनामा पशुपन्छीजन्य व्यवसायमा आकर्षण बढ्न सकेको छैन । पशुवस्तुमा खोरेत, थुनेलो, रेविज, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे जस्ता रोगहरू देखिने गरेका छन् । प्रविधि, पशु चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल गर्न नसकिने जोखिम रकोछ ।

## ३.४ उद्योग, व्यापार तथा व्यावसाय

## ३.४.१ पृष्ठभूमि

विभिन्न किसिमको साना तथा मझौला किसिमका उद्योग, व्यापार तथा व्यावसायको लागि प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा विभिन्न प्रकारका जस्तै दैनिक उपभोग्य सामानहरु, कृषिजन्य पदार्थ, विभिन्न निर्माण सामाग्रीहरु, तरकारी, फलफुल, औषधि, कपडा तयारी पोशाक, लगायतका व्यावसायिक पसलहरुबाट दैनिक वस्तुहरुको खरिद

विक्री गर्ने होटल, खाजा घरहरुवाट सेवा प्रदान भई रहेको छ । यस गाउँपालिकामा सम्भावना बोकेका व्यापार व्यवसायहरुमा कृषि, उनसँग सम्वन्धीत व्यावसाय, जडीवुटी, खोटो, खानी लगायत अन्य वन पैदावारमा आधारित उद्योग, भेडा तथा बाख्राको मासु व्यवसाय आदि प्रमुख रुपमा देखिन्छन् । यसै गरी गाउँमा रहेका युवाहरुलाई उद्योग, व्यापार तथा व्यावसायमा संलग्न गर्ने तथा वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीय स्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने सम्भावना उत्तिकै रहेकोछ ।

## ३.४.२ समस्या तथा चुनौति

कृषि, खनिज, जडिबुटी/वनजन्य उद्यम व्यवसायको ठूलो सम्भावना भएकाले सोरु गाउँपालिकामा औद्योगिक विकासका उच्च सम्भावना रहेको भए पनि उल्लेख्य मात्रामा समस्या चुनौतीहरू समेत रहेका छन् । गाउँपालिका क्षेत्रमा स्थानीय रुपमा उत्पादन हुने वस्तुको मात्रा न्यून रहेको हुँदा आयातमा आधारित व्यापारबाट मात्र आर्थिक सम्वृद्धि सम्भव हुँदैन त्यसैले गाउँपालिकाको अर्थतन्त्रलाई सबल बनाउन गाउँपालिकाभित्र नै उत्पादन हुने खालका वस्तुहरूको उत्पादन तथा त्यस्ता वस्तुहरूको निर्यातलाई विशेष जोड दिनु पर्दछ । व्यवसायको सोच र संस्कारको अभाव, पूर्वाधारको अभाव (व्यावसायिक सडक, कृषि सडक), तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, व्यवसायिक प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव, बैंक तथा वित्तिय सस्थाको अभाव, महिला, दलित, पिछडिएका वर्गहरुलाई उद्योग व्यवसायमा आकर्षण गर्न नसकेको, स्थानीय श्रोत, साधन, सीप, जनशक्तिको परिचालन गरी विकासको लागि नीति तथा रणनीतिको कमी, प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमी जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेका छन् ।

## ३.४.३ लक्ष्य

"जैविक उत्पादनमा आधारीत उद्योग व्यावसाय दिगो आर्थिक समृद्धिको आधार"

## ३.४.४ उद्देश्य

(क) घरेलु व्यावसायलाई प्रवलिकरण गर्दै अर्गानिक उत्पादन गर्ने ।
(ख) स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगमा लगानीमैत्री वातावरण सृजना गरी रोजगारीका अवसर सृजना गर्नु ।
(ग) उद्योग व्यावसायमा युवा वर्गको सहभागिता तथा परिचालन गरी
(घ) उद्योग तथा व्यावसाय मार्फत आर्थिक समृद्धि हासिल गर्नु ।

## ३.४.५ रणनीति

(क) उद्योग व्यापारको प्रवर्द्धन, नियमन गर्नको लागि आवश्यक नीति, नियम, योजना निर्माण गर्ने ।
(ख) परम्परागत सामग्री उत्पादनमा आधुनिक सीप तथा प्रविधिको उपयोग गरी स्थानीय उत्पादनको संरक्षण र प्रबर्द्धन गर्ने ।
(ग) संघ, प्रदेश र निजि क्षेत्रको साझेदारितामा औद्योगिक ग्रामको सञ्चालन गर्ने ।
(घ) सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गरी उद्योग व्यापारलाई पवर्द्धन गर्ने ।

## ३.४.६ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | | | | | | |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | प्रतिशत | ३० | ३१ | ३३ | ३५ | ४५ |
| पालिकामा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | १०० | १०० | २०० | २०० | ४०० |

## ३.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५६७० | ३९६९ | १७०१ | ० | ३५०० | १८४५ | ३२६ | ० |
| २०८१/८२ | ६२३७ | ४३६६ | १८७१ | ० | ३७०० | २१५६ | ३८१ | ० |
| २०८२/८३ | ६८६१ | ४८०२ | २०५८ | ० | ४००० | २४३२ | ४२९ | ० |

## ३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | कपास उद्योग प्रवधन | रोजगारी सृजना गर्ने | सालवसाली | १००० | रोजगारमा २५% वृद्धि हुनेछ |
| २ | रैथाने उत्पादनहरुको प्रशोधन उद्योग सञ्चालन सम्भाव्यता अध्ययन | उत्पादन वृद्धि गर्नेछ | सालवसाली | ७५०० | स्थानीय जनताको आय आर्जनमा ५०%वृद्धि हुनेछ । |

## ३.४.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले यस क्षेत्रको विकास तथा प्रवद्धन गर्न आवश्यक वजेटको व्यवस्था गर्दै वैदेशिक रोजगारबाट प्राप्त पूँजी

उद्योग तथा व्यवसायमा परिचालन गर्न आवश्यक नीति र कार्यक्रम हुन जरुरी रहेको छ । साथै उद्योग ब्यापार प्रवर्द्धनका गर्न आवश्यक पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन आवश्यक छ । जस्ले वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षित गर्न सक्नेछ । तथापि यस क्षेत्रको ज्ञान तथा पुँजी लगानी जस्ता पक्षहरुले गर्दा सम्भानासँगै जोखिम पनि उत्तिकै रहेको छ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

सोरु गाउँपालिका पर्यटन तथा संस्कृतिक सम्पदाले भरिपुर्ण सम्भावना नै सम्भावना भएको गाउँपलिका हो । प्राकृतिक पर्यटनको लागि कर्णालीको तिरमा रहेको तातोपानी, रमणिय खर्कहरु लगाएतका विभिन्न ठाउँहरु रहेकाछन् । धार्मिक पर्यटनको लागि विभिन्न कोट, मस्टा, मन्दीर लगाएता दर्जनौ ठाउँहरु रहेका छन् । त्यस्तै गरी सास्कृतिक हिसावले विभिन्न गाउँहरु, दरी (देउडा), हुट्के नाच, मनाइने चाडपर्वहरु भेष भुषा, खान पिनले अत्यान्तै धनि रहेकोछ । प्राकृतिक, धार्मिक तथा साँस्कृति सवै पक्षहरुलाई समेटि पर्यटन क्षेत्रको विकासका लागि व्यवस्थित तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन हुन आवश्यक छ । पर्यटकीय स्थलमा आवश्यक पुर्वाधारको निर्माण र प्रचार प्रसार हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दीई अत्यावश्यक पूर्वाधार तथा सेवा सुबिधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना तर्जुमा हुन सकेको छैन । विद्यमान धार्मिक पर्यटकीय सम्पदा, विशेषता, सेवा सुबिधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ ।

### ३.५.२ समस्या तथा चुनौति

दिगो आर्थिक विकासको मेरुदण्ड पर्यटन भएता पनि यस क्षेत्रको विकासमा खासै ध्यन पुग्न सकेको छैन । पर्यटन क्षेत्रको विकासका लागि गुरुयोजना तथा सान्दर्भिक स्थानीय नीति, कानुन र योजना निर्माणको कार्य बाँकी नै रहेको छ । वार्षिक रुपमा के कति आन्तरिक तथा बाह्य पर्यटकहरूले गाउँपालिकाको क्षेत्रको भ्रमण गरे र निजहरूको बसाई के कति दिन रहेको थियो सो को यकिन तथ्याङ्क पनि पालिकासँग छैन । साँस्कृतिक तथा धार्मिक पर्यटनको राम्रो संभावना भए पनि त्यस्ता स्थलहरूको पर्यटन पूर्वाधार विकासमा खासै लगानी हुन नसक्नु, पर्यटकीय गन्तब्यहरुको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् । पर्यटन क्षेत्रका लागि सहयोगी भौतिक पूर्वाधार विकासका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने, स्थानीय होटल तथा पर्यटन सेवासँग सम्बन्धित अन्य ब्यवसायको गुणस्तर प्रवर्द्धन, सँगै संख्यात्मक पक्षलाई ध्यान दिई पर्यटन प्याकेज निर्माण र कार्यान्वयन गर्न निजी क्षेत्रको सहभागितालाई जोड्ने जस्ता चुनौती पनि रहेको छ ।

### ३.५.३ लक्ष्य

"सोरु जाउँ जैविक खाना खाउँ तातोपानी घुमौ"

### ३.५.४ उद्देश्य

(क) स्थानीय आर्थिक विकास, गरिबी निवारण र रोजगारी प्रवर्द्धनमा पर्यटन क्षेत्रको योगदान बढाउनु ।

(ख) प्राकृतिक, धामिृक तथा साँस्कृतिक पर्यटनक्षेत्रको दिगो विकास गर्ने ।

(ग) पर्यटनलाई मर्यादित, सम्मानजनक व्यवस्थीत बनाई स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्नु ।

### ३.५.५. रणनीति

(क) पर्यटनलाई व्यवसायिक र व्यवस्थित बनाउनको लागि नीति तथा कानुन निर्माण र उपयोगी पूर्वाधार तयार गर्ने ।

(ख) अन्तर स्थानिय सरकार र निजी क्षेत्रसँगको सहकार्यमा आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) धार्मिक तथा ग्रामीण पर्यटन, होम स्टेको विकास तथा प्रवर्द्धन गर्ने ।

(घ) पर्यटकीय क्षेत्र, सास्कृतिक क्षेत्रको पुनर्निर्माण, संरक्षण र विकास गर्ने ।

### ३.५.६. उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आधारभूत पूर्वधार सहितको पर्यटकीय स्थल | वटा | ० | ० | १ | २ | ३ |
| पर्यटकीय धार्मिक स्थल | वटा | ० | ० | १ | ३ | ३ |

### ३.५.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८२४९५ | २४७४९ | ५७७४७ | ० | ४५००० | ३१८७१ | ५६२४ | ० |
| २०८१/८२ | ९०७४५ | २७२२३ | ६३५२१ | ० | ५०००० | ३४६३३ | ६११२ | ० |
| २०८२/८३ | ९९८१९ | २९९४६ | ६९८७४ | ० | ५५००० | ३८०९७ | ६७२३ | ० |

### ३.५.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तातोपानी मुर्माटप राराताल पर्यटकीय पदमार्ग विकास(रुम -तातोपानी | पर्यटन आगमनमा वृद्धि हुने | सालबसाली | ४००० | वार्षिक १५००० पर्यटकको आगमन हुनेछ |
| २ | गुरादेव-शिवमहादेव विजय मन्दिर कालिका मालिका लगायतका मन्दिर संरक्षण तथा धार्मिक पर्यटकीय कोरीडोर निर्माण | पर्यटन आगमनमा वृद्धि हुने | सालबसाली | ३००० | प्रकृतिक तथा साँस्कृतिक, धार्मिक पर्यटकिय स्थालहरु समेटिएको वृत्तचित्र निमाण । सास्कृति तथा धार्मिक पर्वहरु मनाउने, आन्तरिक पर्यटन उत्सव आयोजना गर्ने । |

## ३.५.९. जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, निजी क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। पर्यटन क्षेत्रको विकासमा अन्तर सरकार, निजी क्षेत्र एवं समुदायको अग्रसरतामा वृद्धि भएको हुनेछ । पर्यटकीय आर्कषणका लागि थप सुबिधाको विकास भएको हुनेछ । उपरोक्त अवस्थाको सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न कठिनाइ हुनेछ । पर्यटन, संस्कृतिका क्षेत्रमा आवश्यक बजेट कम भएमा वा पर्यटन सम्बन्धी कार्यक्रमले प्राथमिकता पाउन नसकेमा अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

# ३.४ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

## ३.४.१. पृष्ठभूमि

सङ्घीयताको कार्यान्वयनसँगै सहकारीलाई तथा वित्तिय सस्थालाई स्थानीय तहको अधिकार सुचीमा राखेको छ । जस्ले गाउँपालिकामा वित्तिय पहुँच, सुविधा र आर्थिक क्षेत्रलाई चलायमान गर्न महत्वपुर्ण भुमिक निर्वाह गर्दै गाउँपालिकामा पुँजी संकलन गर्ने, लगानी गर्ने, रोजगारी प्रवर्द्धन गर्ने तथा सर्व साधारणको आयआर्जन गर्ने उद्देश्यका साथ सोरु गाउँपालिकामा १ राष्ट्रिय वाणिज्य बैंक तथा सहकारी स्थापना भई सञ्चालनमा रहेका छन् । सबै गाउँवासीहरुलाई बैंक तथा वित्तिय सेवामा आवद्ध गराउने गाउँपालिकाको लक्ष्य अनुसार हरेक कामदारको बैंक खाता मार्फत कामदारको रकम भुक्तानी गर्ने कार्यको थालिनीले पनि यस गाउँपालिकामा बैंक, सहकारी तथा वित्तीय सेवाको विकास हुन आवश्यक्ता रहेको देखिन्छ ।

## ३.४.२. समस्या तथा चुनौति

सहकारी तथा वित्तिय क्षेत्र आर्थिक विकासको संवाहक हो । सोरु गाउँपालिकाको सन्दर्भमा भन्ने हो भने सहकारी तथा वित्तिय क्षेत्रको विकास हुने प्रकृयामा रहेको छ भने यस जनताहरुमा वित्तीय साक्षरताको कमीले गर्दा वित्तीय क्षेत्रमा पहुँच पुग्न सकेको छैन जस्ले गर्दा अनौपचारिक क्षेत्रबाट कारोबार हुने गरेको छ । सहकारी तथा वित्तीय सस्थाहरूको सुदृढीकरणका गर्न संस्थागत क्षमता विकास र नियमित अनुगमन गरी नियमन जस्ता हत्वपुर्ण पक्षहरु पनि समस्या र चुनौतीकोरुपमा रहेको छ ।

## ३.४.३. लक्ष्य

“पहुँचयुक्त पारदर्शी व्यवसायिक उत्पादनशील सहकारी तथा वित्तीय क्षेत्र”

## ३.४.४ उद्देश्य

(क) सहकारी तथा वित्तीय क्षेत्रमा सबैको पहुँच सुनिश्चित गर्दै वित्तीय पुँजीलाई उत्पादशील क्षेत्रमा लगानी गरी पुँजी निर्माण र व्यावसायिकतामा विकासमा सहयोग गर्ने ।

(ख) सहकारी तथा वित्तीय क्षेत्रकको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका गर्ने ।

(ग) सहुलियतपूर्ण कर्जा सुबिधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने ।

## ३.४.५. रणनीति

(क) बैंङ्क तथा वित्तीय संस्थाहरूको पहुँच कम भएका क्षेत्र तथा वर्गहरू पहिचान गरी त्यस्ता क्षेत्र तथा वर्गलाई पहुँचमा ल्याई  लगानी गर्ने वातावरण सृजना गर्ने ।

(ख) सहकारीहरूलाई उत्पादनशील बनाउदै गरिबी निबारण क्षेत्रमा कार्य गर्ने ।

(ग) वित्तिय साक्षरता सञ्चालन, अनुगमन र मुल्याङकनलाई प्रभाबकारी बनाई वित्तिय सुशासन कायम गर्ने ।

(घ) वित्तीय क्षेत्रसँग साझेदारी र सहकार्यमा वृद्धि गरी व्यावसायिक कृषि, पर्यटन र उत्पादन क्षेत्रमा लगानी गर्ने ।

## ३.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सहकारीमा आवद्ध कृषक | जना | १००० | १००० | १२०० | १३०० | १४०० |
| वितीय सेवा प्रदान गर्ने बैङ्क | सङ्ख्या | १ | १ | १ | १ | १ |

## ३.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा भुमि व्यवस्था सहकारी तथा वित्तिय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | २५७३ | २०५८ | ५१५ | ० | १५०० | ९१२ | 161 | ० |
| २०८२/८३ | २८३० | २२६४ | ५६६ | ० | १६०० | १०४५ | १८४ | ० |
| २०८३/८४ | ३११३ | २४९० | ६२३ | ० | १८०० | १११६ | १९७ | ० |

## ३.४.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ.शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १. | बैङ्क तथा सहकारी सस्थालाई आधुनिक प्रविधिमैत्री कार्यक्रम बनाउने | बैङ्कि सेवा प्रविधिमैत्री बनाउने | ०८१।०८२ | ५०० | बैङ्कि सेवा छिटो र छरितो भएको हुनेछ |
| २. | कृषि सहकारी संस्थाको क्षमता विकास कार्यक्रम | कृषिको आधुनिकीकरण र बजारीकरण गर्ने | सालवसाली | ५०० | कृषिको उत्पादन २५%ले वृद्धि भएको हुनेछ |

## ३.४.९. जोखिम पक्ष तथा अनुमान

सहकारी संस्थालाई उत्पादनमुखी र व्यावसायिक बनाउने र नागरिकहरूलाई वित्तिय पहुँच तथा साक्षरता सम्बन्धी अभिमूखीकरण गरी वित्तिय सेवामा सहज पहुँच अभिवृद्धि तथा सहकारी संस्थाहरू व्यावसायिक उत्पादनमूलक र बजारीकरणमा बढी क्रियाशिल बनाउने आदि पक्षमा जोखिमहरु भरपुर सम्भावनसँगै जोखिम पनि विद्यमान रहेकाछ। सहकारी सस्था प्रतिको विश्वसनियता र पारदर्शिता जस्ता पक्षले यस क्षेत्रमो पुँजी संकलन, लगानी गर्ने र प्रतिफलको प्राप्तीमा पनि जोखिम नै छ । जस्ले गर्दा यस क्षेत्रमा लगानि गरी समन्यायिक वितरण मार्फत सर्वसाधारणको आयआर्जनमा वृद्धि गर्ने पक्षमा सम्भावना र चुनौती दुवै सँगै उभिएकोछ। सहकारी तथा वित्तीय संस्था उत्पादनमुखी नभई कर्जा लगानीमा मात्र सिमित भएमा यस क्षेत्रको लक्ष्य हासिल गर्न जोखिम हुने देखिन्छ।

## ३.७ श्रम, रोजगारी तथा गरिबी निवारण

## ३.७.१. पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल घरधुरी संख्या २५८१ रहेको छ भने कूल जनसंख्या १४,२७७ रहेको छ । यस मध्ये महिलाको जनसंख्या ७२४८ र पुरुषको जनसंख्या ७०२९ रहेको छ भन् परिवारको औसत आकार ५.५ रहेको छ । यस गाउँ पालिकाको युवा श्रमशक्तिको ठूलो हिस्सा परम्परागत कृषि पेशामा निर्भर छन भने बाँकी रहेका वैदेशिक रोजगारीका लागि वाहिरिने गर्दछ।

## ३.७.२. समस्या तथा चुनौति

उच्च श्रमशक्तिको ठुलो हिस्सा समेट्ने जनसंख्या स्थानिय परम्परागत पेशा तथा व्यवसायमा रहेता पनि आर्थिक आम्दानको हिसावले त्यति उपलव्धी मुलक नभएकोले धेरै मानिसहरु वैदेशिक रोजगारी विशेष गरी भारत लगाएतका देशमा गई काम गर्ने अवस्था कायम नै रहेको छ। सक्रिय उमेर समूहको जनङ्ख्यालाई उनीहरूको सीप ज्ञान, क्षमता अनुसार उचित रोजगारका अवसरहरूको कमी रहेको छ। रोजगारीका लागि सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन हुन सकेको छैन । फलतः आवश्यकता अनुसार सीप प्राप्त गरी स्थानीय स्रोत परिचालन एवं आय आर्जनका काममा सक्रिय रहने जनसङ्ख्याको ठूलो हिस्सालाई अवसरको अभाव रहेको छ । गाउँपालिकामा रहेका युवाहरुमा अन्तरदेशीय तथा वाह्य क्षेत्रको रोजगारीमा आकर्षण रहनु र ति युवा जनशक्ति विदेश

पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने विडम्बनापूर्ण अवस्था यहाँ रहेको छ भने गाउँमै युवाहरुलाई रोजगारी सृजना गर्ने रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरूमा कमी जस्ता समस्याहरु रहेको छ ।

## ३.७.३. लक्ष्य

"रोजगारीमा पर्याप्त अवसर गरिवी न्यूनीकरण"

## ३.७.४ उद्देश्य

(क) स्थानीय स्रोत र आवश्यकता सुहाउँदो दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गर्ने ।
(ख) वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजनामा अवसर सृजना गर्ने ।
(ग) स्थानीय स्तरमा रोजगारीका अवसरहरू वृद्धि गरी तथा गरिबी न्यूनीकरण गर्ने ।

## ३.७.५.रणनीति

(क) स्थानीय स्रोत परिचालनमा आधारित व्यावसाय तथा उद्योग स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई सहज वातावरण सिर्जना गर्ने ।
(ख) युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि गर्न आन्तरिक स्रोतको लगानी र सरोकारवाला निकाय र निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिने ।
(ग) काम गर्ने उमेरका स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न सिप विकास तथा क्षमता विकास तालिम र सचेतना अभियान सञ्चालन गर्ने ।
(घ) वैदेशिक रोजगारीवाट फर्किएर आएका व्यक्तिहरुको दक्षता (ज्ञान, सीप, पूँजीलाई) सदुपयोगन तथा व्यवस्थापन गर्ने ।

## ३.७.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व. गतसम्मको वास्तविक उपलब्धि | चालु सम्मको अनुमानित उपलब्धि | मध्यम कालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सीपमूलक तालिम प्राप्त जनशक्ति | जना | ३० | ४० | ८० | १०० | १५० |

## ३.७.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८४२ | ४२१ | ४२१ | ० | ४५० | ३३३ | ५९ | ० |
| २०८१/८२ | ९२८ | ४६४ | ४६४ | ० | ४६० | ३९८ | ७० | ० |
| २०८२/८३ | १०२० | ५१० | ५१० | ० | ५०० | ४४२ | ७८ | ० |

## ३.७.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ.शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रु. हाजरमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | रोजगार सूचना केन्द्र स्थापना तथा सञ्चालन | बेरोजगारीको तथ्याङ्क सङ्कलन तथा रोजगारीको अवसर प्रदान गर्ने | सालबसाली | ५०० | वेरोजगारी समस्या समाधनमा सहयोग पुगेको हुनेछ । |

## ३.७.९. जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद-४

# सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.१.१. पृष्ठभूमि

शिक्षा विकासमा नै अन्य विकासहरू अन्योन्याश्रित हुन्छन । नेपालमा शिक्षाको सुरुवात चरणामा हेर्दा पहिला निश्चित धर्म, बर्ग, जातिको पेवा थियो । वि.सं २०११ मा राष्ट्रिय शिक्षा योजना आयोगको गठन गरी शिक्षा सम्वन्धि योजनाबद्ध कार्य सुरु गरेको थियो । त्यस पछि वि.सं २०१८ मा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति, वि सं २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना, विासं २०४९ मा राष्ट्रिय शिक्षा आयोग, वि.सं २०५५ मा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग जस्ता विभिन्न आयोगहरु तथा समितिहरु गठन भई विभिन्न चरणमा शिक्षा विकास हुँदै आइरहेको छ । राष्ट्रिय स्तरमा गठन भएका वा तयार पारिएका आयोगले स्थानीय स्तरमा सम्पूर्ण आवश्यकताहरुलाई समेट्न नसकेको अवस्थामा नेपाल सरकारले स्थानीय तहमा विकेन्द्रित स्वरुप अन्तरगत विभिन्न शिक्षा योजना निर्माणको अवधारणा र कार्यान्वयन पक्षलाई अघि सारेको छ । वि.सं २०५६ मा शिक्षा विभागको स्थापना पश्चात शिक्षामा विकेन्द्रीकरणको पूर्वाभ्यास गरिएको पाइन्छ । त्यसको उदाहरण स्वरुप आ.व २०५६/०५७ देखि शिक्षा विभागले नेपालका ७५ वटै जिल्लामा जिल्ला शिक्षा योजना र गाउँ तथा नगर शिक्षा योजना निर्माण गर्ने कार्यक्रमको थालनी गरेको थियो । त्यसरी नै देशभरका सबै विद्यालयहरुले विद्यालय सुधार योजना समेत निर्माण गर्ने परिपाटिको थालनी गरियो । जसमा गाउँपालिकाहरुले गाउँ शिक्षा योजना निर्माण, नगरपालिका, उपमहानगर तथा महानगर पालिकाहरुले आआफ्नो पालिका भित्र शिक्षा योजना निर्माण गरी आफ्नो पालिकामा रहेको शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गरी सो भावी समयमा कसरी गुणस्तरीय शिक्षा प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन, नियमन तथा नियन्त्रण गर्ने उद्देश्यका साथ गाउँ तथा नगर शिक्षा योजना निर्माण गरिन्छ । हाल सोरू गाउँपालिकामा संचालित ८ वटा माध्यमिक, ६ वटा निम्न माध्यमिक, २४ वटा प्राथमिक विद्यालय र १२ वटा सामुदायिक बालविकास केन्द्रहरूको माध्यमबाट यस स्थानिय तहको शैक्षिक गुणस्तर अभिबृदी गर्ने मुख्य उदेश्य रहेको छ ।

गाउँ शिक्षा योजना विकेन्द्रीकरणको सिद्धान्तमा आधारित योजना हो । विकेन्द्रिकरणको सिद्धान्तले स्थानीय तहहरुलाई आफ्नो शैक्षिक लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति तथा कार्यक्रम तय गर्ने अधिकार प्रदान गर्दछ । गाउँ शिक्षा योजनाको अवधारणा नवौं पञ्चवषीय योजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको (Program Implementation Plan –PIP) बाट सुरुवात भएको पाइन्छ । नवौं योजना तथा PIP ले गुणस्तरीय शिक्षा प्रदान गर्न जोड दिएको पाइन्छ । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रोको सुरुवात संगै सबै जिल्ला शिक्षा कार्यालयबाट गाउँ शिक्षा योजना तयार गर्न लगाएको पाइन्छ । मूलतः सोरू गाउँपालिको यस प्रथम यस मध्यकालिन खर्च संरचना (MTEF) यस गाउँपालिकाको वास्तविक अवस्थाको धरातलमा रही सम्वन्धित सरोकारवाला निकायहरूबाट तयार गरिएकोले शिक्षा क्षेत्रको विकासको कोशे ढुंगा सिवत हुने छ ।

### ४.१. समस्या तथा चुनौति

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु त्यसको प्रयोग पक्ष कमजोर रहनु । विद्यालय शिक्षामा सवै वालवालिकाहरुलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु । पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धीहरु हासिल गर्न नसक्नु । भैतिक संरचनाको अभाव हुनु । वालमैत्री, अपाङग मैत्रि संरचना निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु । स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु । साक्षरता,निरन्तर शिक्षा र जिवन पर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु । बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु । शिक्षा सरोकारवलाहरुको क्षमता विकास गर्न नस्कनु आदि समस्या रहेको छ । त्यसतै गरी शिक्षामा सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्न । विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी व्यावस्थापन, शिक्षकहरुको क्षमता विकास, शिक्षामा लगानी अभिवृद्धि, प्राविधिक शिक्षाको शुनिश्चिता गर्न, सबै विद्यालयहरुमा प्रयाप्त रुपमा भैतिक संरचना निर्माण गर्न, मातृभाषाको पाठ्यक्रम तथा

कार्यपुस्तक निर्माण गरी मातृभाषामा शिक्षा प्रदान गर्न अनौपचारिक शिक्षा सिकाइका कार्यक्रम सञ्चालन गर्ने चुनौती रहेको छ ।

### ४.१.३. लक्ष्य

"गुणस्तरिय प्रविधिमैत्री व्यावहारिक शिक्षामा सबैको पहुँच मार्फत समृद्ध सोरु"

### ४.१.४ उद्देश्य

(क) प्रारम्भिक बाल शिक्षामा भर्ना गर्ने उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल कक्षामा भर्ना गर्ने ।
(ख) विद्यालय तहमा अध्ययन गर्ने उमेरका सबै बालबालिकाहरूको विद्यालयमा सहज पहुँच र उनीहरूलाई प्रदान गरिने शिक्षामा गुणस्तर कायम गर्ने ।
(ग) गुणस्तरीय, प्रविधिमैत्री, शिपमुलक र व्यावहारिक शिक्षामा सवैको पहुँच पुऱ्याउने ।

### ४.१.५. रणनीति

(क) मापदण्ड अनुसार विद्यालयहरुमा आवश्यक पूर्वाधार तथा प्रविधिको विस्तार गर्ने ।
(ख) शिक्षा विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
(ग) छात्रवृत्ति, सहायता कार्यक्रम र दिवा खाजा कार्यक्रम प्राभावकारि तुल्याउने ।
(घ) पुस्तकालय र सूचना प्रविधिको उचित व्यावस्थापन गर्ने ।
(ङ) प्रमुख सरोकारवालाहरुलाई तालिम सहित शिक्षण, सिकाइ र व्यवस्थापनमा सक्षम बनाइने ।
(च) सुशासनको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.१.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.वसम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| साक्षरता दर | प्रतिशत | ६५.५ | ६६ | ७० | ७९ | ८५ |
| | | | | | | |
| | | | | | | |
| स्थानीय पठ्यक्रमको आधारमा शिक्षण हुने विद्यालय | संख्या | - | - | २ | ४ | ८ |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | - | - | ९० | ९० | १०० |
| १५देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | - | - | ३५ | ४० | ५० |

### ४.१.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १६३७७९ | १३९२१२ | २४५६७ | ० | ९५००० | ५८४६२ | १०३१७ | ० |
| २०८१/८२ | १८०१५७ | १५३१३३ | २७०२४ | ० | ९५००० | ७२३८३ | १२७७४ | ० |
| २०८२/८३ | १९८१७३ | १६८४४७ | २९७२६ | ० | ९८००० | ८५१४७ | १५०२६ | ० |

### ४.१.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. लाखमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | विद्यालयको भौतिक पूर्वाधारमा व्यवस्थापन | विद्यालयको शैक्षिक वातावरण मा सुधार | सालबसाली | १५००० | गाउँपालिकाका ९०% विद्यालयमा आधारभूत भौतिक पूर्वाधार विकास |
| २ | शिक्षकको क्षमता विकास तथा पूर्नताजगी तालिम सञ्चालन | शैक्षिक गुणस्तरमा सुधार हुने | सालबसाली | ३६०० | विद्यार्थीको उत्तीर्ण प्रतिशत ५०% बढ्नेछ। |

### ४.१.९. जोखिम पक्ष तथा अनुमान

शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिनु पर्ने देखिन्छ। संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । उपरोक्त परिवेश तयार हुन नसकेमा लक्ष्य हासिल गर्नमा कठिन हुने जोखिम रहन सक्छ।

## ४.२ जनस्वास्थ्य तथा पोषण

### ४.२.१. पृष्ठभूमि

सोरु गाउँपालिकाको ११ वटा वडाहरु मध्य ७ वाटा वडाहरुमा स्वास्थ्य चौकी छ। ७ वटा स्वास्थ्य चौकी ३ वटा सामुदायिक स्वास्थ्य ईकाई केन्द्र र ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुवाट मार्फत स्वस्थ्य सेवा प्रदान गर्दै आई रहेकोछ भने सुत्केरी सेवा प्रदान ७ वटा प्रसुती केन्द्रवाट सेवा प्रदान गरिदै आएको छ। त्यस्तै गरी गाउँपालिका स्थित एक आँखा उपचार केन्द्र र एक आयुर्वेद औषधालयद्धरा सोव प्रदान गरिदै आएको छ। स्वास्थ्य चौकीहरुमा स्वीकृत दरवन्दी ३७ जना रहेको छ। आधारभुत स्वास्थ्य सेवा केन्द्रमा ८ जना र सामुदायिक स्वास्थ्य ईकाई केन्दमा ६ जना करार कर्मचारीहरु मार्फत स्वास्थ्य सेवा प्रदान गरिदै आएकोछ। यहाँका सबै स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन, खोप सेवा, गाउँघर किल्नीक, नियमित गर्भवती चेकजाँच तथा सुत्केरी सेवा प्रदान गरिदै आएकोछ। त्यसै गरी

गाउँपालिका अर्न्तगत ३ वटा इत्म्र केन्द्र सञ्चालनमा रहेको छ भने सुरक्षित गर्भपतन सेवा २ वटा केन्द्रवाट र १ वटा ल्याव सेवा (प्रयोगशाला) सञ्चालन गरी पालीकाका जनताहरुलाई स्वस्थ्य सेवा प्रदान गरिएको छ ।

## ४.२.२. समस्या तथा चुनौति

गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्रको अभाव, विशेषज्ञ चिकित्सकहरु उपलव्ध नहुनु, भौतिक संरचनाको कमी, ल्याव सेवा प्रभावकारी तरिकाले सञ्चालन नहुनु, पाठेघर खस्ने समस्याको ब्यापकता, अपाङ्गमैत्री स्वास्थ्य सेवा नभएको, किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन नहुनु तथा महामारी रोकथामको लागि आवश्यक सामाग्री तथा उपकरणहरुको अभाव लगायतका समस्या विद्यमान रहेका छन् । उपचारमा आउने विरामीहरुको लागि आवश्यक औषधीको व्यवस्थापन समयमै गर्न नस्कनु साथै स्वास्थ्य विमामा आवद्ध परिवारको संख्यामा वृद्धि हुन सकेको छैन । संघीय सरकारको नीति अनुसार गाउँपालिकाका हरेक वडाहरूमा स्वास्थ्य चौकी स्थापना हुनु पर्ने भए पनि सबै वडाहरूमा स्थापना हुन सकेको छैन । पालीकाको गाउँ बस्तीमा रहेका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रुपमा कम रहेको छ । नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम लागु भइसकेको भए पनि स्वास्थ्य बिमा कार्यक्रमको सेवा लिन झण्झटिलो, स्वास्थ्य बिमा अर्न्तगतका औषधीहरूको अभाव, सेवा लिन धरै समय लाग्ने गरेको छ ।

## ४.२.३. लक्ष्य

"गुणस्तरिय व्यवस्थित पहुँच योग्य स्वास्थ्य सेवा स्वस्थ निरोगी सोरुवासी"

## ४.२.४ उद्देश्य

(क) स्वास्थ्य क्षेत्रको आवश्यक पुर्वाधार निर्माण गरी सबै गाउँबासीहरुलाई गुणस्तरीय, व्यवस्थित तथा पहुँच योग्य स्वास्थ्य सेवा उपलव्ध गराउने ।

(ख) स्वास्थ्य सेवा प्रवाहमा सुदृढीकरण गरी विशिष्टीकृत स्वास्थ्य सेवामा सवैको सहज पहुच गरी स्वस्थ निरोगी समाजको निर्माण गर्ने ।

## ४.२.५. रणनीति

(क) आधारभूत स्वास्थ्य प्रवाह सम्बन्धी मापदण्ड अनुसार सेवा प्रवाह गर्न योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।

(ख) सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था तथा मापदण्ड अनुसार पुर्वाधार निर्माण गर्नु ।

(ग) गुणस्तरीय र सुरक्षित प्रसूति तथा एम्वुलेन्स सेवा प्रदान गर्ने ।

(ग) पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिन वाह्य खोप क्लिनिक भवन निर्माण गर्ने ।

(घ) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको विस्तार गर्ने ।

(ङ) विविध स्वास्थ्य सम्वन्धी शिविर सञ्चालन गर्ने ।

(च) स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवर्द्धनका लागि अन्तर-सरकार, विकास साझेदार निकाय र निजी क्षेत्र बीच साझेदारी र सहकार्य गर्ने ।

## ४.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ६७ | ७० | ७५ | ८० | ८५ |
| पोषणयुक्त खान प्राप्त गर्ने बालबालिका | प्रतिशत | ५० | ५५ | ७५ | ८० | ९० |

## ४.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४८१८५ | ४०९५७ | ७२२८ | ० | २५००० | १९७०७ | ३४७८ | ० |
| २०८१/८२ | ५३००३ | ४५०५३ | ७९५० | ० | २६००० | २२९५३ | ४०५० | ० |
| २०८२/८३ | ५८३०३ | ४९५५८ | ८७४५ | ० | २८००० | २५७५८ | ४५४५ | ० |

## ४.२.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिला पोषण प्याकेज कार्यक्रम | गर्भवती महिलाको पोषण मात्रामा वृद्धि हुने | सालबसाली | ५०० | मातृशिशु स्याहारमा सुधार भएको हुनेछ |
| २ | स्वस्थय चौकी भवन सिप निर्माण | नागरिकलाई सरल र सुलभ स्वस्थ्य सेवा प्रदान गर्ने | सालबसाली | १००० | समुदायले ५०%कम खर्चमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको हुनेछन |

## ४.२.९. जोखिम पक्ष तथा अनुमान

मपदण्ड अनुसार सवै वडाहरुमा स्वास्थ्य चौकीको व्यवस्था, चौविस घन्टे प्रसुति सेवा सञ्चालन गर्ने सुबिधा जनक प्रसुती केन्द्रको स्थापना, खोप कार्यक्रम, परिवार नियोजन कार्यक्रम, शिविरहरु नियमित तथा प्रभावकारी भएको हुनेछ । स्वास्थ्य बिमालाई शुलभ र प्रभावकारी बनाउने र दिर्घ रोगीलाई निःशुल्क उपचारको व्यवस्था भएको हुनेछ । वहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यन्वयन, स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहन सक्दछ ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१. पृष्ठभूमि

नेपालको संविधानले आधारभुत खानेपानी तथा सरसफाईको हकलाई मौलिक हकका रुपमा उल्लेख गरेको छ । सो अर्न्तगत यस सोरु गाउँपालिकाको एक घर एक धाराको अवधारणा अनुसार खानेपानी वितरण गर्ने कार्य लाई निरन्तरता दिई रहेको छ । तथापी सवै गाउँवस्तीमा स्वच्छ सफा खानेपानीको पहुँचवाट वाहिर नै रहेको छ । यास गाउँपालिकाको खानेपानीको प्रमुख स्रोतका रुपमा अझै पनि मूल तथा नदी वा खोलाको पानीलाई उपयोग गदै आएको छ । खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भई सके पनि सवै घरपरिवार शैचलयाको पहुँच बाहिर नै रहेको छ भने व्यक्तिगत सरसफाई तथा स्वच्छताको पक्षहरुमा अझै धेरै नै कार्य गर्नु आवश्यक रहेको छ ।

### ४.३.२. समस्या तथा चुनौति

गाउँपालिकाको सवै वस्तीहरुमा एक घर एक धाराको सुविधा नभए पनि सुविधा पुगेको ठाउँहरुको पानी खानेपानीको गुणस्तर कायम हुन सकेको छैन । सबै वस्तीहरुलाई खानेपानीको सुविधा भित्र ल्यउनु पर्ने महत्वपुर्ण कार्य पनि चुनौती हो । तथापी स्वच्छ खानेपानीको माग बढ्दै जानु, खानेपानी तथा सरसफाई सम्बन्धी लक्ष्य हासिल गर्न पर्याप्त बजेट र कार्यक्रम तर्जुमा गर्न नसक्नु खानेपानी सरसफाई क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण स्वच्छता कायम राख्न कठिन भएको छ । फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, पानीको स्रोतहरुको संरक्षण गर्नु, खानेपानी पाईप लाईनको व्यवस्थापन गर्नु, खानेपानी ट्याङ्कीलाई सुरक्षित गर्नु प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

### ४.३.३. लक्ष्य

“सुरक्षित सफा र दिगो खानेपानी स्वच्छ सोरुवासी”

### ४.३.४ उद्देश्य

(क) सबै गाउँवासीहरुलाई स्वच्छ र गुणस्तरीय पानी उपलब्धता र वितरण प्रणालीलाई व्यवस्थित र दिगो गर्नु ।

(ख) स्वच्छ खानेपानीमा सहज पहुँच, ढलनिकास, सरसफाई तथा स्वच्छता प्रवर्द्धन गर्नु ।

### ४.३.५. रणनीति

(क) खानेपानी तथा सरसफाई क्षेत्रमा विकास र व्यवस्थित गर्न कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।

(ख) सवै घरधुरीमा स्वच्छ, सफा, सुरक्षित खानेपानीको पहुँच पु¥याउने ।

(ग) खानेपानीको मुल संरक्षण गर्ने ।

(ङ) अनिवार्य शैचालय निर्माण र प्रयोग, मुख्य वस्ती तथा वजार क्षेत्रमा ढलको व्यवस्थापन गरी स्वच्छ वातावरण निर्माण गर्ने ।

### ४.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

गाउँपालिकाको नीति, योजना तथा प्रस्तावित कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| | सूचक | | गत आ.व सम्मको | चालु आ.व | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|---|

| | | एकाई | वास्तविक उपलब्धि | सम्मको अनुमानित उपलब्धि | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानीको पहुँच र सहितको पर्यटकीय स्थल | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| २ | | | | | | | |

## ४.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४११४६६३० | 0 | ४११४६६३० | 0 | 0 | ४११४६६३० | 0 | 0 |
| २०८१/८२ | ४६५५८७९६ | 0 | ४६५५८७९६ | 0 | 0 | ४६५५८७९६ | 0 | 0 |
| २०८२/८३ | ५०६०४४९४ | 0 | ५०६०४४९४ | 0 | 0 | ५०६०४४९४ | 0 | 0 |

## ४.३.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजरमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | एक घर एक धारा कार्यक्रम(९,१०,११) | सुरक्षित खानेपानीमा पहुँचमा वृद्धि हुने | सालबसाली | ३००० | ८०% जनताले सुरक्षित पिउने पानी प्राप्त गरेको हुनेछन् |
| २ | खानेपानी संरचना मर्मत सम्भार कार्यक्रम | खानेपानी सहज उपलब्धता गर्ने | सालबसाली | ४५०० | ८०% जनताले सुहज र सुरक्षित पानी प्राप्त गर्नेछन्। |

## ४.३.९. जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने प्रभावलाई न्यूनीकरण गर्नु चूनौतिपूर्ण छ । साथै व्यवस्थित बसोबास, फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण जस्ता विषयलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पक्षको रुपमा आँकलन गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मतसंभार र स्तरोन्नति भएको हुनेछ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण

### ४.४.१. पृष्ठभूमि

नेपालको संविधानले महिला, बालबालिका तथा लक्षित वर्गको पक्षमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिएको छ । संवैधानिक व्यवस्थालाई अत्मासाथ गदै सोरु गाउँपालिकामा तर्जुमा भएका नीति, ऐन, गठन गरिने संरचनाहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई ध्यान दिई कार्यन्वय गदै आएको छ । गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वातावरण तयार गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिई रहेको छ । सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा लक्षित समुह विकास कार्यक्रम सञ्चालन भएकोल लक्षित वर्गमा आफ्नो अधिकार र अवसरका सम्बन्धमा चेतनाको बृद्धि हुँदै गएको छ । गाउँपालिकामा लैससास नीतिको निर्माण न्यायिक समितिको क्रियाशीलता, ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई परिचय पत्र, अपाङ्गता परिचय पत्र कार्यविधि तर्जुमा जस्ता कार्यहरुले लक्षित वर्गको लागि सकारात्मक कार्य हुँदै आई रहेको छ ।

### ४.४.२. समस्या तथा चुनौति

गाउँपालिका भित्रका आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैंगिक समानता कायम गर्नु, गाउँपालिकाको संघ, प्रदेश र स्थानीय सरकारका प्राथमिकतामा आर्थिक, सामाजिक र राजनीति जस्ता क्षेत्रमा समावेशीता, महिला नेतृत्वको व्यवस्था गरिए पनि भौगोलिक विकटता, शिक्षा, स्वास्थ्य र रोजगारीमा सहज पहुँचका कारण लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायमा महिलाहरूको नेतृत्व र पहुँच सोचे जस्तो छैन । लक्षित वर्गको आत्मनिर्भरताका लागि आर्थिक अवसरको कमीले समाजमा लैङ्गिक हिंसा, बाल हिंसा, जेष्ठ नागरिक हिंसा, बाल श्रम शोषण, बाल विवाह, बहुविवाहका घटना विद्यमान नै रहेका छन् । त्यसैले गाउँपालिकामा आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैंगिक समानता कायम गर्नु, सबै संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक समानता र सामाजिक सवावेशीकरण उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मुल्य, मान्यता र लैङ्गिक भूमिकामा परिर्वतन ल्याउनु, सामाजिक रुपमा बहिस्करणमा परेका वर्ग वा समुदायको सवालको यथोचित सम्बोधन गर्नु, महिलामाथि हुने सबै प्रकारका हिंसा र शोषण अन्त्य गर्नु, सम्पत्ति माथि महिलाको पहुँच स्थापित गर्नु, गरीब र सिमान्तकृत वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति र ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु यस क्षेत्रको प्रमुख चुनौतिको रुपमा रहेको छ ।

### ४.४.३. लक्ष्य

"भेदभाव रहित समतामुलक र समृद्ध सोरुको निर्माण"

### ४.४.४ उद्देश्य

(क) लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्ने ।

(ख) महिला, बालबालिका, विपन्न, दलित, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक सामाजिक अधिकार सुनिश्चित गर्दै सम्मानित जीवन यापनको आधार तयार गर्दै सवै किसिमका हिंसा अन्त्य गर्नु ।

(ग) लक्ष्ति वर्गहरुको क्षमता अभिवृद्धि गरी आर्थिक, सामाजिक र नेतृत्व तहमा समान अवसर सृजना गरी सशक्तिकरण गर्नु ।

### ४.४.५. रणनीति

(क) लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्ने नीति, कानुन र योजना निर्माण गरी कार्यन्वयनमा सुनिश्चित गर्नु ।
(ख) लक्षित वर्गमा पर्ने सवै नागरिकहरु सम्मान पूर्वक जीवनयापन गर्नका लागि उपयुक्त कार्यक्रमहरु सञ्चालन गर्ने ।
(ग) लक्षित वर्गको लगि शिक्षा, गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।
(ङ) सबैप्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गर्ने ।

### ४.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

गाउँपालिकाको नीति, योजना तथा प्रस्तावित कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छः

| सूचक | एकाई | गत आ.वसम्मको वास्तविक उपलब्धि | चालु सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| महिला घरेलु हिंसा र छुवाछुत घटना सम्बन्धि घटना दर्ता | सङ्ख्या | १० | ५ | १ | ० | ० |
| | | | | | | |

### ४.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छः

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५२३ | १२९४ | २२८ | ० | ८०० | ६१४ | १०८ | ० |
| २०८१/८२ | १६७५ | १४२४ | २५१ | ० | ८१५ | ७३१ | १२९ | ० |
| २०८२/८३ | १८४२ | १५६६ | २७६ | ० | ८३० | ८६० | १५२ | ० |

### ४.४.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजरमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अपाङ्गमैत्री संरचना निर्माण र व्यवस्थापन | सार्वजानिक सेवा प्रवाह अपाङ्गमैत्री बनाउने | सालबसाली | ३८०० | अपाङ्ग व्यक्तिहरलाई सेवा प्राप्त गर्न सहज हुनेछ। |
| २ | महिलाकालागि क्षमता विकास तालिम कार्यक्रम | महिलाको सीप विकास गराई आयआर्जन वृद्धि गर्ने | सालबसाली | १६५० | हालको तुलनामा ३०%महिलाले आयआर्जन गर्न सक्षम हुनेछन् |

## ४.४.९. जोखिम पक्ष तथा अनुमान

यस उपक्षेत्रसँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन र समयानुकुल नीतिगत परिमार्जन जस्ता विषयहरु सम्बोधन गर्दै जानुपर्ने देखिन्छ। यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा खेलकुद तथा नवप्रवर्तन

## ४.५.१. पृष्ठभूमि

सोरु गाउँपालिकामा युवा खेलकुद तथा नवप्रर्तनका क्षेत्रको विकास र महत्व निकै नै रहेको छ। यस गाउँपालिकाका युवाहरु विभिन्न खेलहरु विशेष गरी फुटवल, भलिवल लगाएतका खेलमा जिल्ला स्तरमा नै राम्रा खेल खल्ने खेलाडीहरुमा पर्दछ । त्यस्तै गरी यस गाउँपालिकाको प्रत्येक वडामा क्लवहरु स्थापना गरी खेलकुदका विविध गतिवीधिहरु सञ्चालन गर्दै आएको छ। त्यस्तै गरी गाउँपालिकाले यस क्षेत्रको विकासको लागि नीतिगत, कानुनी तथा योजनामा नै विकास र प्रवर्द्धनको लागि आवश्यक वजेट विनियोजन गरी कार्यक्रम आयोजना गरी यस क्षेत्रको विकासलाई अगाडी बढाएको छ। जसले भोलिका दिनहरुमा यस ठाउँका सम्भावना बोकेका नव प्रतिभाहरु प्रदेश, संघ हुदै अन्तराष्ट्रिय स्तरमा खेल खेल्न सक्ने सम्भावना बोकेको अवस्था रहेको छ । जस्ले गर्दा यस गाउँपालिकालाई खेलको माध्यमवाट देश विदेशमा चिनाउन सक्ने अवस्था सृजना भएकोछ भने नवप्रर्तनका कार्यहरु पनि सञ्चालन गर्नु पर्ने उत्तिकै आवश्यक रहेको छ।

## ४.५.२. समस्या तथा चुनौति

गाउँपालिकामा पालिकामा व्यवसायिक एवं प्राविधिक शिक्षामा कमि हुनु, उद्यमशिलता एवं स्वरोजगारको सन्दर्भ युवा शक्ति आकर्षित नहुनु मूख्य समस्याको रुपमा रहेको छ । खेलकुद सम्बन्धी संरचना एवं पूर्वाधारको अभाव, खेलाडीहरुलाई प्रशिक्षणको अभाव एवं खेल प्रतियोगिताहरु सञ्चालन नहुनु जस्ता समस्या यस क्षेत्रमा विद्यमान समस्या रहेको देखिन्छ। युवा वेरोजगारी र वैदेशिक रोजगारीमा आकर्षण युवा तथा खेलकुद क्षेत्रका मुख्य समस्याहरु हुन्। युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आकर्षण रहेकोछैन। विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एक आपसमा सामञ्जस्यको अभाव छ । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतिपूर्ण रहेको छ।

### ४.५.३. लक्ष्य

"दक्ष शिक्षित युवा व्यावसायिक खेलकुद बिकास"

### ४.५.४. उद्देश्य

(क) उद्यमशिल सृजनशिल र सक्षम युव निर्माण गर्ने ।
(ख) व्यवसायिक खेलकुदको विकास गर्ने ।

### ४.५.५. रणनीति

(क) खेलकुद पुर्वाधारको निर्माण गरी खेलकुद कार्यक्रम आयोजना गर्ने ।
(ख) युवा सिर्जनशीलता, उद्यमशीलता र सिप विकास तथा क्षमता विकासका कार्यक्रम मार्फत आर्थिक विकास गर्ने ।

### ४.५.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

गाउँपालिकाको नीति, योजना तथा प्रस्तावित कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ:

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| राष्ट्रिय स्तरको खेलाडी | सङ्ख्या | ४ | ५ | ८ | १० | १२ |
| पालिकास्तरीय खेल मैदान | सङ्ख्या | २ | २ | ३ | ३ | ३ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ४.५.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ:

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २०८८ | १०४४ | १०४४ | ० | १०५० | ८८२ | १५६ | ० |
| २०८०/८१ | २२९७ | ११४८ | ११४८ | ० | १२०० | ९३२ | १६५ | ० |
| २०८१/८२ | २५२७ | १२६३ | १२६३ | ० | १३२५ | १०२१ | १८० | ० |

### ४.५.८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | गाउँपालिक स्तरीय खेल मैदान स्तरोन्नती वडा नं३ | युवाहरुलाई खेलमा आकर्षित गर्ने | सालबसाली | ३००० | जिल्ला स्तरीय खेल मैदानको निर्माण भएको |
| २ | पोखरी बहुउदेश्यीय बृहत खेलकुद परियोजना | पालिका स्तरीय खेलकुद आयोजना गर्न सहज गर्ने | सालबसाली | १५०० | पालिका भित्र सञ्चालन हुने खेल गतिविधिका लागि |
| ३ | पालिका स्तरीय खेल प्रतियोगिता (राष्ट्रपति रनिङ | राष्ट्रपति रनिङ शिल्ड व्यव्स्थित रुपमा सञ्चालन हुने | सालबसाली | ३००० | विद्यार्थीहरुमा खेल भावनाको विकास भएको |

## ४.५.९. जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था र यससँग सम्बन्धित निकायको संस्थागत विकास र जनशक्ति व्यवस्थापन हुनेछ । आवश्यक पूर्वाधारको विकास र खेलाडीलाई प्रोत्साहन हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद-५

# पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१. पृष्टभुमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार स्थानीय स्तरमा योजनावद्ध, व्यवस्थित, सुरक्षित तथा वातावरण मैत्री भवन तथ बजार क्षेत्रको विकास गर्न आवश्यक छ । योजना नबनाई, अव्यवस्थित, असुरक्षित तथा वातावरण मैत्री भवन तथा बजार क्षेत्रको विकासले जोखिम र दुर्घटनालाई निम्त्याउने आदि जस्ता पक्षहरुको विकास हुन्छ । त्यसैले  गाउँपालिकामा भई रहेको जनसंख्या वृद्धिसँगै बस्ती विस्तार, भवन निर्माणले गति लिएको छ । यसलाई मापदण्ड भित्र ल्याई योजनावद्ध, व्यवस्थित, सुरक्षित तथा वातावरण मैत्री भवन तथ बजार क्षेत्रको विकास गर्न आवश्यक छ । गाउँपालिकामा अव वन्ने आवास, भवन तथा बस्ती विकास सडक, विद्युत, सञ्चार, बजार, पार्क, खेल मैदान, ढलनिकास, फोहोर व्यवस्थापन जस्ता कार्यहरुलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ । यसको साथै भवन निर्माण मापदण्ड र घर नक्शा पासलाई व्यवस्थित रुपमा कार्यन्वयन आवश्यक रहेको छ ।

### ५.१.२. समस्या तथा चूनौति

गाउँपालिकामा बनेका अधिकांश घरहरु माटो र काठवाट बनेका छन भने गाउँपालिकामा बन्नु पर्ने अत्यावश्यक भौतिक संरचनाहरु निर्माण हुन नसक्नु, भएका संरचनाहरु पनि मापदण्ड (महिलामैत्री र अपाङ्गमैत्री) अनुसार हुनु नसक्नु, संरचनाहरु निर्माण गर्दा निर्धारित संहिता लागू नहुनु नसक्नु यस क्षेत्रको विकासका कमजोरी पक्षहरु रहन गएका छन् । यसै गरी भू-उपयोग योजना, जोखिममा रहेको वस्ती पहिचान र व्यवस्थित वस्ती विकास योजना नभएकोले व्यवस्थित रुपमा वस्ति बसाउने कार्य हुन सकेको छैन् ।

### ५.१.३. लक्ष्य

"सुरक्षित, व्यवस्थित दिगो आवास, भवन तथा बस्ती विकास"

### ५.१.४ उद्देश्य

(क) आवास, भवन तथ वस्ती विकासलाई व्यवस्थित र सुरक्षित गराउने ।

### ५.१.५. रणनीति

(क) भुउपयोग योजना, वस्ती विकास योजना निर्माण गरी व्यवस्थित वस्ती विकास र बजारीकारण गर्ने ।

(ख) राष्ट्रिय भवन निर्माण संहिता तथा मापदण्ड अनुसार नीजि आवास, व्यावसायिक तथा सार्वजनिक भवन निर्माण गर्ने ।

(ग) जोखिम तथा असुरक्षित स्थानहरुमा बसोबास गर्ने परिवारहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने ।

(घ) भुकम्प प्रतिरोधि भवन तथा आवासको निर्माण गर्ने ।

## ५.१.६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने अपेक्षित नतिजाको आधारमा तयार गरिएको मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व.२०७८/७९ सम्मको वास्तविक उपलब्धि | आ.व.२०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| विपन्नका लागि आवास निर्माण | सङ्ख्या | ५० | ५० | १०० | १२५ | १५० |
| | | | | | | |

## ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमा

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३९६३८ | १९८२ | ३७६५६ | ० | २१००० | १५८४२ | २७९६ | ० |
| २०८१/८२ | ४३६०१ | २१८० | ४१४२१ | ० | २२००० | १८३६१ | ३२४० | ० |
| २०८२/८३ | ४७९६१ | २३९८ | ४५५६३ | ० | २५५०० | १९०९२ | ३३६९ | ० |

## ५.१.८. आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | सोरु आवास परियोजना | व्यवस्थित वस्ती निर्माण गर्ने | सालबसाली | २२५०० | व्यवस्थित र वातावरण मैत्री वस्ती विकास भएको हुनेछ |
| २ | वडा नं६ वडा कार्यलय भवन निर्माण | वडा कार्यलयबाट नियमित रुपमा सेवा प्रवाह गर्ने | ०८१।०८२ | १०००० | वडाबाट प्रवाह हुने १००% सेवा वडा कार्यलयबाट भएको हुनेछ |
| ३ | वडा कार्यलय भवन स्तरोन्नति ३,८,१० | वडा कार्यलयका भवन हरु सुरक्षित र सेवाग्राही मैत्री बनाउने | ०८२।०८३ देखि | १०००० | सेवाग्राही मैत्री कार्यलयहरु बनाउन सहयोग गर्ने |

### ५.१.९. जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले भूउपयोग योजना निर्माण गरी आवास, भवन तथा वस्तीविकासका कार्यलाई व्यवस्थित गर्ने छ। भवन निर्माण मापदण्ड तयार भै आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । वढ्दै गरेको वजारिकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरण प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ । यि विषय वस्तु ज्यादै महत्वपूर्ण भए पनि जनचेतनाको स्तर न्यून रहेको छ । भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न स्रोत साधन आदिको समस्याले गर्द चुनौतीख पूर्ण देखिन्छ।

## ५.२ सडक, पूल तथा यातायात

### ५.२.१. पृष्ठभूमि

यस गाउँपालिकामा हाल सम्म ३३९ किमि धुले वा कच्ची सडक रहेकोछ। ९५ कि.मि. कच्ची सडक सञ्चालनमा रहेको छ। गाउँपालिका ११ वडा मध्ये ५ वटा वडा वहेक सवै वडामा सडकको पहुँच पुगेको छ। यस गाउँपालिकामा सडकहरुमार्गवाट यात्र गर्ने मानिसहरु भन्दा वढी गोरेटो वाटोको प्रयोग गर्दछ। वाह्रै महिन चल्न सक्ने सोरुकोट देखि गमगढी सडक हो। सबारी साधनको संख्या बढ्दै गए पनि ती साधनका लागि आवश्यक बसपार्क तथा निजी तथा साना सार्वजनिक सबारीका साधनहरूका लागि प्रशस्त र व्यवस्थित पार्किङ स्थलहरूको कमी रहेको छ। त्यस्तै गरी खोला नदीहरुमा २ वटा मोटरेवल पुल रवहेको छ भने अन्य ठाउँहरुमा झोलुङ्गे पुलको निर्माण भएको छ। यहि झोलुङ्गे पुलले मुगु र हुम्ला जिल्लालाई जोडेको छ।

### ५.२.२. समस्या तथा चुनौति

सडक सञ्जालको विस्तार सबै बस्तीहरू सम्म नहुनु निर्माण भएका सडकहरु मपदण्ड अनुसार निर्माण नहुनु र वाह्रै महिना सञ्चालनमा नआउनु मुख्य चुनौति रहेको छ। निर्माण गरिएका सडकहरूको चौडाई कम भएकाले एम्वुलेन्स तथा सामान्य सवारी साधन सञ्चालनका लागि समस्या भएको देखिन्छ। ग्रामिण स्तरमा कृषि प्रयोजनका लागि बनाईएका सडकहरूको गुणस्तरीयता अत्यन्त कमजोर रहेको छ। अधिकांश सडकमा हिँउदमा धुलो र वर्षामा हिलो हुने गरेको देखिन्छ। पक्की सडक रहेका क्षेत्रमा नियमित मर्मत सम्भार नहुने र कालो पत्रे गरेको छोटो समयमै सडक विग्रने प्रवृति रहेको छ। सडक निर्माणसँगै सहायक संरचनाका रुपमा नाली तथा सडकपेटी निर्माणको अभ्यासमा कमी रहेको छ। सडक अधिकार क्षेत्रको अतिक्रमण, बाटोमा निर्माण सामाग्री थुपार्नु लगायतका कारणले समेत सबारी साधन तथा पैदलयात्रीहरूलाई विभिन्न खालका समस्या हुने गरेको छ।

### ५.२.३. लक्ष्य

"व्यावस्थित सुरक्षित दिगो यातायातका पूर्वाधारमा सवैको पहुँच"

### ५.२.४ उद्देश्य

(क) गुणस्तरीय, वातावरणमैत्री सुरक्षित यातायातका पूर्वाधार निर्माण गर्ने।
(ख) गाउँपालिकाको सवै वडाहरुलाई सडक सञ्जालमा जोडी यातायात सेवा प्रवाह गर्ने।

## ५.२.५. रणनीति

(क) स्थानीय, ग्रामीण तथा कृषि सडक, पुल, झोलुङ्गेपूल सम्बन्धी सडक तथा यातायात गुरुयोजना तयार गर्ने ।
(ख) मापदण्ड अनुसार निर्माण तथा कार्यन्वयन यातायातको सेवालाई सबैको पहुँचमा पुऱ्याउन यातायातको पूर्वाधारहरुको निर्माण गर्ने ।
(ग) स्थानीय सडकहरुको मर्मत सम्भार गरी १२ महिन चल्ने सक्ने बनाउने ।
(घ) वातावरणमैत्री दिगो यातायात प्रणालीको विकास गर्ने ।
(ङ) सडक विकासमा अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकारसँग सहकार्य समन्वय गर्ने ।

## ५.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.वसम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| यातयात सुचारु सडक | कि.मि. | ५० | ५० | ७५ | १०० | १५० |
| | | | | | | |
| | | | | | | |

## ५.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २३९०९ | ७१७ | २३१९१ | ० | १२५०० | ९६९७ | १७११ | ० |
| २०८०/८१ | २६२९९ | ७८९ | २५५१० | ० | १४१०० | १०३६९ | १८३० | ० |
| २०८१/८२ | २८९२९ | ८६८ | २८०६१ | ० | १४३०० | १२४३५ | २१९४ | ० |

## ५.२.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| ब.उ.शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तारापानी-दोमुख सडक स्तरोन्नति | नियमित रुपमा यातायात सञ्चालन गर्न सहयोग गर्ने | सालबसाली | ४५००० | सुरक्षित र नियमित रुपमा यातायातको सञ्चालन भएको हुनेछ |
| | तातोपानी बेली ब्रिज | नियमित रुपमा यातायात सञ्चालन गर्न सहयोग गर्ने | ०८२।०८३ देखि ०८३।०८४ | २०००० | सुरक्षित र नियमित रुपमा यातायातको सञ्चालन भएको हुनेछ |
| | स्थानीय सडक मर्मत कार्यक्रम | सुरक्षित सडक बनाउने | सालबसाली | ६००० | सुरक्षित र नियमित रुपमा यातायातको सञ्चालन भएको हुनेछ |

### ५.२.९. जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच समन्वय र सहकार्य सामाञ्जस्यतामा नीति तथा कार्यक्रम, आयोजना छनौट र कार्यान्वयन हुनेछ । साथै गाउँपालिकाको गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत तथा बहुवर्षीय कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुने छन् । सम्भाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितमा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत विद्युत तथा स्वच्छ ऊर्जा

### ५.३.१. पृष्ठभूमि

सोरु गाउँपालिका जलस्रोतमा निकै नै धनि रहेको छ । मुख्य २ कणाली मुगु र हुम्ला कर्णाली यसै गाउँपालिका भएर वग्ने गर्दछ भने ३९ वटा साना तथा मझौला खोला नालाहरु रहेको छन् । यस गाउँपालिका अझै पनि केन्द्रय विद्युतिकरणसँग जोडिएको छैन । विद्युतिकरणका लागि २ वटा वडामा लघुजलविद्युत निर्माण गरी विद्युतिकरण गरेको छ भने पालिकाको केन्द्रमा र अधिकाशं वस्ती तथा वडाहरुमा सौर्य वत्ति मार्फत विद्युतिकरण गर्ने कार्य भएकोछ ।

### ५.३.२. समस्या तथा चुनौति

सोरु गाउँपालिकामा रहेको जलस्रोतमा रहेको अपार सम्भावनालाई उपयोगमा ल्याउन लाग्ने आवश्यक स्रोत साधन लगाएतका विविध पक्षहरु चुनौतीको रुपमा रहेका छन् । अझै पनि गाउँपालिकाको केन्द्र केन्द्रिय विद्युतिकरणमा नजोडीनु, गाउँपालिकाको प्रशासनिक कार्य सञ्चालन तथा वस्ती वस्तीमा विद्युतको आवश्यक्तालाई केहि हद सम्म वैकल्पीक उर्जा मार्फत परिपुर्ति गर्नु पर्ने वाध्यत्मक आवस्था रहेकोछ भने उद्योग, व्यवसाय सञ्चालन गर्ने पक्ष झनै गौण नै रहेको छ । गाउँपालिकासँग वैकल्पिक तथा स्वच्छ ऊर्जा विस्तार कार्यक्रम, विद्युतको खपत तथा हरित ऊर्जा प्रवर्द्धनका लागि एकीकृत नीति तथा कार्ययोजना तयार हुन नसक्नु समस्याको रुपमा रहेको छ । परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक ऊर्जाको क्षेत्रमा यथेष्ट लगानी जुटाउने कार्य चुनौतीपूर्ण छ ।

### ५.३.३. लक्ष्य

"भर परर्दो, व्यवस्थित उर्जा उपलब्धता दिगो प्रयोग"

### ५.३.४ उद्देश्य

(क) उर्जा उत्पादन गरी विद्युतीकारणवाट वाहीर भएकालाई उज्यालो बस्ती कार्यक्रम मार्फत सवैलाई विद्युतको पहुँचमा ल्याउनु ।
(ख) विद्युत तथा वैकल्पिक उर्जा प्रयोग मार्फत खनिज इन्धन, काठको प्रयोगलाई विस्थापन गर्दै लैजाने ।

### ५.३.५. रणनीति

(क) जल उर्जाको विकासको लागि आवश्यक, नीति तथा कानुन निर्माण गरी सम्भाव्यता अध्ययन गर्ने ।
(ख) स्थानीय नीति तथा कानुन अनुसार १ मेगावाट वा सो भन्दा माथिका जलविद्युत योजना सञ्चालनका लागि सरकार निजी क्षेत्रको सहलगानिमा निर्माण गरी व्यवस्थापन गर्ने ।
(ग) सञ्चालनमा रहेका तथा मर्मत संम्भार गर्न पर्ने लघुजलविद्युतको मर्मत गरी क्षमता अनुसारको विद्युतलाई अन्य वस्तीमा विस्तार गर्ने ।
(घ) जलविद्युतको पहुचमा नरहेका सरकारी कार्यलयहरु (वडा, स्वास्थ्य सस्था, विद्यालय) मा सौर्य उर्जाको भरपरर्दो व्यवस्थापन गर्ने ।
(ङ) सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।
(च) जलविद्युत उत्पादन र वितरण सुदृढिकरण गर्दै हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने ।

### ५.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विद्युत पहुँच प्राप्त परिवार | प्रतिशत | १० | १० | २५ | ३० | ४५ |
| | | | | | | |

### ५.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २१०० | १०५ | १९९५ | ० | ११०० | ८५० | १५० | ० |
| २०८१/८२ | २३१० | ११६ | २१९५ | ० | १२०० | ९४४ | १६७ | ० |
| २०८२/८३ | २५४१ | १२७ | २४१४ | ० | १४०० | ९७० | १७१ | ० |

## ५.३.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छः

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजरमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | नेर खोला जलविद्युत उत्पादन सम्भाव्यता अध्ययन | जलविद्युत उत्पादनमा सहयोग गर्ने | ०८२।०८३ | २००० | आ.व ०८४।०५मा जलविद्युत निर्माण कार्य सुरु भएको हुनेछ |
| २ | राष्ट्रिय प्रसारण लाइन विस्तार कार्यक्रम सहजीकरण | राष्ट्रिय प्रसारण लाइन विस्तारमा सहयोग गर्ने | ०८१।०८२ देखि | १५०० | कम्तीमा ५०% परिवारमा राष्ट्रिय विद्यत जडान भएको हनेछ |
| ३ | सौर्य उर्जा प्रवर्धन | नवीकरणीय उर्जा प्रर्वद्धनमा सहयोग गर्ने | सालबसाली | ४५०० | सौर्य उर्जाको प्रयोग बढेको हुनेछ |

## ५.३.९. जोखिम पक्ष तथा अनुमान

सवै घरपरिवार उर्जा (वैकल्पीक वा नविकरणीय) मार्फत विद्युतिकरणको पहुँचमा जोडिने छ। जसले गर्दा गाउँपालिका वासीको दैनीकिमा सहजता आई विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, व्यवसाय सञ्चालनमा सहजता आउने छ । तथापी गाउँपालिकाको विद्युतको आवश्यक्ता परिपुर्ति गर्नका लागि आवश्यक वजेटको व्यवस्थापन गर्न नसकिएमा उर्जा उत्पादन र विद्युतिकरण आयोजना सञ्चालन गर्नको लागि आवश्यक जग्गा, निर्माण सामग्रीको सहज उपलब्धता, मानव संसाधन सहज उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लेखित उपलब्धी हासिल हुनेछ। अन्यथा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

## ५.४.१. पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधि सामाजिक तथा आर्थिक विकासको संवाहक भएकोले नेपालको संविधान २०७२ ले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । टेलीफोन सेवाका लागि नेपाल टेलिकमले गाउँपालिकाको लागि सिमित क्षमताको सेवा प्रदान गरी रहेको छ । टेलिफोनको टावर बनाउनको लागि प्रस्तावित गरेका ठाउँहरुमा अझै सम्म टावर बन्ने कार्य सुचारु त्था सम्पन्न नहुँदा सोरु वासी टेलिफानको गुणस्तरीय सवेवाट वञ्चित रहेको छ। गाउँपालिकाको आफ्नै पहलमा एफ.एम.रेडियो भवन बनाई सुचना सेवा प्रदान गर्नको लागि काम अगाडी बढाइएको छ भने इन्टरनेट सेवाको लागि वर्ल्ड लिङ्क तथा स्याट लाईट सेवा मार्फत गाउँपालिकाको प्रशासनिक तथा अन्य अत्यावश्यक कामहरु सञ्चालन गरी जनतालाई सेवा दिने कार्य गरि रहेको छ।

## ५.४.२. समस्या तथा चुनौति

गाउँपालिकामा आधारभुत तथा गुणस्तरीय सुचना तथा सञ्चार सेवाको वृद्धि गरी सवै गाउँवासीहरु माझ सेवाको पहुँचमा पुर्‍याउनको लागि सोरु गाउँपालिका निरन्तर प्रयासरत रहेको छ । अझै पनि गाउँपालिकाको धेरै बस्ती र

स्थानहरुमा मोबाइल टेलिफोन नलाग्ने तथा सेवाको गुणस्तर अत्यान्तै कमजोर रहेको छ । गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेटको सहज सुबिधा उपलब्ध हुन सकेको छैन भने उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । जस्ले गर्दा गाउँपालिकावाट प्रवाह हुने सेवालाई सूचना प्रविधिमा आधारित बनाउने तथा इन्टरनेट सेवा प्रदायकसँगको सहकार्यमा समुदायमा इन्टरनेटको पहुँच र प्रयोग बढाउने, वेभसाइट तथा विभिन्न सामाजिक सञ्जाल मार्फत सुचना प्रवाह पहुँच विस्तार गर्ने, प्रविधिको थप विकास गर्ने जस्ता चुनौति रहेको छ ।

## ५.४.३. लक्ष्य

"गुणस्तरीय सुचना प्रविधिमा पहुँच र विद्युतिय सुशासन"

## ५.४.४ उद्देश्य

(क) दिगो र उत्थानशील सुचना प्रविधिको विकास गर्ने ।
(ख) सुचना प्रविधि सेवमा सवैलाई सुलभ र सजह पहुँचको व्यवस्था गर्ने ।
(ग) सेवा प्रवाह, साशन प्रणालीलाई सुचना प्रविधिमैत्री बनाउने ।

## ५.४.५. रणनीति

(क) गाउँपालिकामा सुचना तथा सञ्चारको पूर्वाधार निर्माण गरी प्रविधि मैत्रि बनाउने ।
(ख) टेलिफोनको सेवा क्षमता वृद्धि तथा बनाउन पर्ने टावरको निर्माणका लागि आवश्यक पहल गर्ने ।
(ग) सुचना प्रविधिको क्षेत्रमा लगानीका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।
(घ) गाउँपालिकाकोवाट प्रवाह गरिने सवै सेवालाई अनलाईन (कागज रहित) प्रविधि मैत्री बनाउने ।
(ङ) सूचना प्रबिधिको प्रयोग सम्वन्धि जनचेतना तथा शिक्षालाई प्रोत्साहन गर्ने ।

## ५.४.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन नतिजा सुचक तथा लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ४० | ५० | ६० | ७० | ९० |
| | | | | | | |

## ५.४.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना सञ्चार तथा प्रविधि क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय | आन्तरिक | नेपाल | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | व्यवस्था | स्रोत | सरकार | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | ८०० | १२० | ६८० | ० | ३५० | ३८३ | ६८ | ० |
| २०८१/८२ | १००० | १५० | ८५० | ० | ४०० | ५१० | ९० | ० |
| २०८२/८३ | १२०० | १८० | १०२० | ० | ५०० | ५९५ | १०५ | ० |

## ५.४.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | इन्टरनेट क्षमता सुधार सहजीकरण कार्यक्रम | गुणस्तरीय इन्टरनेट सेवाको विस्तार गर्ने | सालबसाली | १५०० | नयाँ प्रविधि, स्फटवेएर, कम्प्युटरको प्रयोग, इन्टरनेट सेवा विस्तार विद्युतीय प्रणालीवाट सेवा प्रवाह प्रवाह गरेका सेवालाई सामाजिक सञ्जाल, वेवसाईटमा प्रकाशन गरिने |
| २ | मोबाइल टावर तथा नेटवर्क क्षमता विस्तार सहजीकरण कार्यक्रम | मोबाइल नेटवर्क को क्षमता विस्तार गर्ने | सालबसाली | १५०० | नागरिकले गुणस्तरीय मोबाइल नेटवर्क सेवा प्राप्त गरेको हुनेंछन् |

## ५.४.९. जोखिम पक्ष तथा अनुमान

सुचना सञ्चार तथा प्रविधिको विकास मर्फत गाउँवासीहरुलाई सहज पहुँच दिन सकिनेछ । जसले गर्दा विकास तथा सेवा प्रवाहमा सहजता, प्रभावकारिता र सुशासनको विकास हुनेछ। सूचना प्रविधिको उच्चतम उपयोग गरी चौतर्फी रुपमा लाभ लिन नीति निर्माण तहमा यस क्षेत्रले प्राथमिकता पाउनु आवश्यक छ । साथै प्रविधिको सहि सदुपयोथ नभई दुरुपयोग, साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद-६

# वन, वातावरण तथा विपद् व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१. पृष्ठभूमि

वनक्षेत्रले ओगटेको क्षेत्र हेर्दा जंगल र झाडी गरी करिव ४० प्रतिशत रहेको छ। गाउँपालिका क्षेत्र बनाएर बगि रहने हुम्ला मुगु कर्णाली नदी र अन्य सहायक नदी तथा खोलाहरू यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन्। साथसाथै यस क्षेत्रमा रहेका राष्ट्रिय वन तथा सामुदायिक वनहरू पनि यस क्षेत्रका प्राकृतिक सम्पदाहरू, पर्यटकिय स्थलका रुपमा चिनिएका छन भने यो क्षेत्रमा जैविक विवधताका हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरूमा गुच्ची च्याउ, कस्तुरी, कालीज, लुँइचे, डाँफे मुख्य रुपमा रहेका छन् यसका पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरू रहेका छन्। यस पालिकाको उत्तरमा देखिने रमणीय हिमाली श्रृङ्खलाहरूले यहाँको सुन्दरता बढाएको छ ।

### ६.१.२. समस्या तथा चुनौति

सोरु गाउँपालिकामा वनले ढाकेको क्षेत्रफल उल्लेख्य रहेको छ। वनको गुणस्तर तथा दिगो वन व्यवस्थापन गर्दै वन सम्पदालाई आय आर्जनमा जोड्ने तर्फ उल्लेख्य काम गर्नु पर्ने चुनौति रहेको छ। वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको संरक्षण तथा समुचित उपयोग हुन नसक्नु समस्याको रुपमा रहेकोछ। वन क्षेत्रको अतिक्रमण, रुख फडानी, डढेलो लगाउने जस्ता कारणहरुले वन क्षेत्रको संरक्षणमा चुनौति थपिएको छ। सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानुनी अड्चनहरू रहेको छ। जलवायु परिवर्तनका कारण पहिरो जस्तो प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ। स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ।

### ६.१.३. लक्ष्य

"वन, जलाधार तथा पर्यावरणको संरक्षण दिगो व्यवस्थापन"

### ६.१.४ उद्देश्य

(क) गाउँपालिकामा रहेका प्राकृतिक स्रोतको संरक्षण गरी व्यवस्थिात उपयोग गर्नु।
(ख) वृक्षरोपण, वनजंगलको संरक्षण र प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गर्नु।
(ग) वन तथा जैविक विविधताको दिगो व्यवस्थापन तथा सदुपयोग।
(ङ) विकास निर्माणका कार्यहरु वातावरण मैत्री, उत्थानशिल गर्ने।

### ६.१.५. रणनीति

(क) हरियाली गाउँ घोषणा मार्फत वन जंगलको संरक्षण गरी जैविक विविधता कायम राख्ने ।

(ख) भौतिक पूर्वधार निर्माण लगायतका विकासका क्रियाकलाप छनोट ESMP र GRID अनुसार गर्ने र सञ्चालन गर्दा वातावरण मैत्री डिजाइन र इष्टिमेट, अनुसार कार्ययोजना निर्माण र वायो इन्जीनियरिङको कार्यन्वयन गर्ने ।

(ग) ताल, पोखरी, नदि नाला, सिमसार क्षेत्र तथा जैविक विविधता संरक्षण गर्न नदि संरक्षण क्षेत्र निर्धारण गरी नदी तथा खोलाको प्राकृतिक बहावलाई यथास्थितिमा राखी नदिजन्य स्रोतको अधिक दोहनलाई नियन्त्रण गर्ने ।

(घ) वनजङ्गलको दिगो व्यवस्थापन तथा जैविक विविधता संरक्षण गर्न वन संरक्षण क्षेत्र निर्धारण गरी वनको संरक्षण तथा उचित व्यवस्थापन गरी वनपैदावार मार्फत व्यवसाय तथा आयआर्जन गर्ने ।

### ६.१.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन नतिजा सुचक तथा लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | आ.व.२०७८/७९ सम्मको वास्तविक उपलब्धि | आ.व.२०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वन क्षेत्र | प्रतिशत | ४० | ४० | ४२ | ४३ | ४५ |
| | | | | | | |

### ६.१.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना सञ्चार तथा प्रविधि क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२९०२ | १८८० | ११६२२ | ० | ६५०० | ५४४१ | ९६० | ० |
| २०८१/८२ | १४१९२ | २२३८ | १२९५४ | ० | ७१५० | ५९८६ | १०५६ | ० |
| २०८२/८३ | १५६११ | २४१२ | १४२०० | ० | ८५१० | ६०३६ | १०६५ | ० |

### ६.१.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| ब.उ. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत रू. | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|

| शी.नं. | | | (शुरु र समाप्ति | हाजरमा | |
|---|---|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास | सामुदायिक वन संरक्षण गर्ने | सालबसाली | १५०० | ५% वन क्षेत्र बढेको हुनेछ |
| २ | स्थानीय जडीवुटी सम्वर्धन | स्थानीयको आयआर्जन वृद्धि गर्ने | सालबसाली | १५०० | स्थानीय समुदायको आयश्रोत माध्यम हुनेछ |
| ३ | नाङ्गा डाडामा हरियाली प्रर्वद्धन(जडीबुटी तथा उत्पादनमूलक वृक्षारोपण) | प्राकृतिक विपद् न्यूनीकरण गर्दै जैविक विविधताको सरक्षण गर्ने | सालबसाली | १५०० | जैविक विविधता सरक्षण भएको हुनेछ |

### ६.१.९. जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रमा श्रोत विकास, संरक्षण तथा प्रर्वद्धनको लागि आवश्यक स्रोत साधन लगानीमा प्राथमिकता प्राप्त भएमा तथा सरोकारवालहरुको प्रत्यक्ष सहभागिता भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । वृक्षा रोपण, वागवाणी तथा उद्यान निर्माणवाट वातावरण संरक्षणसँगै वन पैदावारलाई व्यवसायिक बनाउन सार्वजनिक निजी साझेदारीमा आर्थिक उपार्जन गर्न सकिनेछ । जलवायु परिवर्तनको असर, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१. पृष्ठभूमि

वातावरणीय स्वच्छता र सुन्दरताको हिसावले सोरु गाउँपालिका अत्यान्तै सुन्दर र स्वच्छ, हरभरा रहेको छ । यहि अवस्थालाई मध्यनजर गरी गाउँपालिकाको केन्द्र तथा अन्य क्षेत्रहरुमा बढ्दै गरेको अव्यवस्थित बजारीकरण तिव्र बस्ती विकासले वतावरण स्वच्छता र फोहर मैला व्यवस्थापनको क्षेत्रमा असर पार्न सक्ने भएकोले यस विषयलाई विशेष ध्यान दिई आवश्यक कार्यहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले प्रमुख बजार केन्द्रहरुबाट निस्कने फोहरमैलालाई ध्यानमा राखी पालिका स्तरीय तथा वाजारहरुको अवस्थालाई हेरी फोहोरमैला संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाउनु पर्ने देखिन्छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा बृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सो को नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी वन क्षेत्रमाथि पर्ने चापलाई कम गर्नु पर्ने देखिन्छ । फोहरमैला व्यवस्थापन योजना, ढल निकास, ध्वनी नियन्त्रण, पशुपंक्षी वधशाला व्यवस्थापन जस्ता कार्यलाई प्रभावकारी हिसावले अगाडी बढाईनु पर्दछ ।

## ६.२.२. समस्या तथा चुनौति

वस्ती बिकास योजना विना नै बढ्दै गएको वस्ती तथ बजारीकरणले गाउँपालिकाका केन्द्र तथा मुख्य क्षेत्रहरुमा अव्यवस्थिा बसोबासको सुरुवाती भएको जुन वातावरणीय हिसाव र जोखिमको पक्षवाट अत्यान्तै संवेदनशील भएकोछ । साथै बजारीकरण हुँदै गएका क्षेत्रहरुवाट निस्कने प्लाष्टिक तथा सिसाजन्य फोहरमैला र स्वास्थ्य क्षेत्रवाट निस्कने फोहरमैलाको उचित व्यवस्थापन जस्ता पक्षहरु समस्या र चुनौती बन्न पुगेको छ । बढ्दो वातावरणीय प्रदुषण र यसवाट वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधतामा पर्ने असरलाई कम तथा निराकरण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने वलियो सस्थागत सम्रचनाको आवश्यक छ । यसको साथै सरसफाई तथा फोहोर मैलाको व्यवस्थापन गर्नका निमित्त जनचेतना अभिबृद्धि र लगानीको व्यवस्थापन तथा पूर्वाधार निर्माण र दिगो उपयोग यस क्षेत्रको प्रमुख चुनौती हो ।

## ६.२.३. लक्ष्य

“स्वस्थ, स्वच्छ, हरियालीको प्रवर्द्धन फोहरमैलाको दिगो व्यवस्थापन”

## ६.२.४. उद्देश्य

(क) स्वच्छ, सफा, हराभरा र सुन्दर गाउँपालिका निर्माण गर्ने ।
(ख) व्यवस्थित, वातावरणमैत्री र दिगो फोहरमैलाको व्यवस्थापन गर्नु ।
(ग) फोहरमैला वर्गिकरण र उचितरुपमा व्यवस्थापनको लागि जनचेतना अभिवृद्धि गर्ने ।

## ६.२.५. रणनीति

(क) वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, वातावरण तथा जलवायु अनुकुलन नीति, कानुन तथा योजना बनाई कार्यन्वयन गर्ने ।
(ख) वातावरण अनुकूलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिवृद्धि गर्ने ।
(ग) फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी संकलन तथा प्रशोधन गर्न सार्वजनिक निजि साझेदारी गर्ने ।
(घ) फोहरमैला व्यवस्थापन र वातावरण संरक्षणलाई दिगो बनाउन वातावरणमैत्री वडा घोषणा गर्ने ।
(ङ) आधुनिक, दिगो र उपयूक्त ल्याण्डफिल्ड साईडको व्यवस्था गर्ने ।

## ६.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन नतिजा सुचक तथा लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.वसम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पूर्ण सरसफाई वडा | सङ्ख्या | ० | ० | १ | २ | ५ |
| | | | | | | |

## ६.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना सञ्चार तथा प्रविधि क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६०० | ३०० | ३०० | ० | ३१५ | २४२ | ४३ | ० |
| २०८१/८२ | १००० | ५०० | ५०० | ० | ५५० | ३८३ | ६८ | ० |
| २०८२/८३ | १००० | ५०० | ५०० | ० | ६०० | ३४० | ६० | ० |

## ६.२.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हाजरमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | फोहोर न्यूनीकरण पुनप्रशोधन पुनप्रयोग पालाष्टिकजन्य वस्तु निषेध कार्यक्रम | स्वच्छ र स्वस्थ वातावरण निर्माण गर्न सहयोग गर्ने | सालबसाली | १३०० | स्वच्छ र स्वस्थ वातावरण निर्माण भएको हुनेछ |
| २ | सार्वजानिक स्थल डष्टबीन वितरण | सार्वजानिक ठाँउमा हुने गरेको फोहोरहरुलाई व्यवस्थित तरिकालाई तह लगाउने | सालबसाली | १३०० | स्वच्छ र स्वस्थ वातावरण निर्माण भएको हुनेछ |

## ६.२.९. जोखिम पक्ष तथा अनुमान

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा गाउँपालिका आफैले नीतिगत, कानूनी तथा बजेटको सुनिश्चितता गर्न आवश्यक छ । फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत, योजनाको ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुन सक्नेछ । साथै सरोकारवालाहरूको आवश्यक सहयोग अपेक्षा गरिएको छ । उल्लेख गरिए अनुसारका उपलब्धीहरू हासिल गर्न आवश्यक बजेटको सुनिश्चितता हुन सकेको छैन । नीति अनुरुप बजेट विनियोजन नहुने, विनियोजन अनुसार खर्च नहुने र कार्ययोजना पालना नभएमा अपेक्षित उपलब्धी हासिल गर्नु कठिन हुनेछ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ६.३.१. पृष्ठभूमि

सोरु गाउँपालिका बहु-प्रकोपको दृष्टिले अत्यन्त जोखिममा रहेको गाउँपालिका हो । यस यस गाउँपालिकामा आगलागी, वाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, लागयतका प्राकृतिक तथा मानविय प्रकोपका घटनाहरु दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । वातावरणीय जोखिमलाई अध्यान नगरी सडक निर्माणले गर्दा वस्तीहरु जेखिममा परेको छ भने वाढी तथा पहिरोले धनजनको क्षतिको अवस्था बढ्दो अवस्थामा रहेको छ । वन जंगलमा डढेलो लगाउने, रुखकटन जस्ता कारणहरुले विपद तथा प्रकोप बढ्दो छ भने यसवाट प्रभावितहरूको संख्या पनि दिनानु दिन बढ्दै गई रहेको छ ।

सोरु गाउँपालिकामा मुगु तथा हुम्ला कर्णाली जस्ता ठुला नदि लगाएत दर्जनौ साना ठुला नदिहरु रहेका छन् । पहिरोसँगै यि नदिहरुवाट वर्षेनी सोरुवासीहरुले नदीकटनका समस्याहरु भोग्दै आउनु परेको छ । भौगोलिक हिसाबले कमजोर भ-भाग र मध्यमखालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भूक्षय, बाढी, डुवान, पहिरो, नदी कटान हुने गरेको छ । खडेरी, आगलागी, आँधी, चट्याङ, अतिवृष्टि, अनावृद्धि, भूक्षय, यस गाउँपालिकाको अन्य प्रमुख प्रकोपहरू हुन् । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षति समेत हुने गरेको छ ।

विपद्वाट हुने क्षतीलाई कम गर्न तथा विपद् आई सके पछि गरिने प्रतिकार्यका लागि गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्यका योजना, स्थानिय आकस्मीक कार्य सञ्चालन केन्द्र निर्माण विपद्को समयमा गरिने खोज तथा उद्धार र विपद् पश्चात हुने पुनः निर्माण तथा पुनः स्थापनका कार्यलाई जोड दिन विपद् जोखिम न्यूनिकरणका कार्य तर्फ गाउँपालिका अग्रसर रहेको छ ।

### ६.३.२. समस्या तथा चुनौति

विश्व जलवायु परिवर्तनको असरहरु हामिले विभिन्न स्वरुपमा भोग्दै आई रहेका छौं । यसको असर केहि वर्ष याता उच्च रहेको छ । जस्को ज्वलन्त उदाहरण गत असोजमा परेको अतिवृष्टीले आएको वाढी पहिरो यसवाट भएको धनजनको क्षेती अतुलनिए रकोछ । यहि परिवेशलाई मध्य नजर गर्ने हो भने प्राकृतिक प्रकोप र यसवाट पर्ने असर र प्रभावहरुसँग प्रतिकार्य गर्ने क्षमता र विपद्पूर्व तयारी अवस्थामा रहेको देखिएको छैन । भौतिक पूर्वाधार निर्माण गर्दा सम्भावित विपद् रोकथामका पर्याप्त उपायहरूलाई अपनाउन सकिएको छैन । वडास्तरमा विपद् व्यवस्थापन समितिले औपचारिक रुपमा गठन गरी क्रियाशील गराउन बाँकी रहेको, सामुदायिक विपद् प्रतिकार्यका संरचना निर्माण गर्न बाँकी रहेको तथा गाउँ र वडास्तरीय विपद्तथा जलवायु उत्थानशील योजना बनाई समुदाय स्तरबाट विपद् व्यवस्थापनको सवाललाई मुल प्रवाहीकरण गर्ने प्रक्रियालाई संस्थागत रुपमा अघि बढाउन बाँकी नै रहेको छ ।

विपद् व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनका लागि गाउँपालिका भित्र आपत्कालीन कार्य सञ्चालन वा प्रकोप तथा विपद् सम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने सक्ने व्यवस्था छैन । उद्दार सामग्री, दक्ष जनशक्ति, खाद्य तथा गैर खाद्य सामग्रीको ब्यवस्थापन गौण विषय नै रहेको छ । विपद् जोखिम न्यूनिकरणका पूर्वाधार तयारीलाई पर्याप्त प्राथमिकता दिन नस्कनु, प्राकृति विपद तथा मानव सृजित विपदहरु ति विपदका प्रभावसँग जुध्नका लागि पुर्वतयारी, राहत, उद्धार तथा पुर्नउत्थान जस्ता कार्यहरु समस्या तथा चुनौतिका रुपमा रहेकाछन् ।

### ६.३.३. लक्ष्य

“सुरक्षीत उत्थानशिल दिगो सोरु”

### ६.३.४. उद्देश्य

(क) स्थानिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र अनुकुलन योजनाको पूर्णरुपमा कार्यन्वयनमा ल्याउने ।
(ख) विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वसुचना प्रणाली स्थापना तथा सुदृढ गर्नु ।
(ग) विपद्को बारेमा स्थानिय समुदाय स्तरमा चेतना अभिवृद्धि गरी विपद्जन्य क्षति, नोक्सानी न्यूनीकरण गर्नु ।

### ६.३.५. रणनीति

(क) विपद्तथा आपत्कालीन व्यवस्थापनका आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।
(ख) विपद्बाट हुने क्षति कम गर्न तथा विपद्व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रकोप नक्शांकन, जोखिम आँकलन तथा पूर्वतयारी गर्ने ।
(ग) विकास प्रक्रियामा विपद्व्यवस्थापनलाई मूलप्रवाहीकरण गरी विपद प्रभावित समुदाय तथा विद्यालयहरुको उत्थानशीलता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गर्ने ।
(घ) आपतकालिन उद्धारका लागि जनशक्ति, आवश्यक सामग्रीको व्यवस्थापन गर्ने ।

### ६.३.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन नतिजा सुचक तथा लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १ | १ | २ | २ | ३ |
| | | | | | | |

### ६.३.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना सञ्चार तथा प्रविधि क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५१३८९६१ | २०५५५८४ | ३०८३३७६ | ० | ० | ५१३८९६१ | ० | ० |
| २०८१/८२ | ५८१४९०७ | २३२५९६३ | ३४८८९४४ | ० | ० | ५८१४९०७ | ० | ० |
| २०८२/८३ | ६३२०१९० | २५२८०७६ | ३७९२११४ | ० | ० | ६३२०१९० | ० | ० |

## ६.३.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत रू. हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | बस्ती स्थानान्तरण (रावल वडा ४० गहतगाडी १९,बंजाहा २६,ख्याल्चा २५घर) | जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्बन गर्दै क्षति न्यूनीकरण गर्नु | सालबसाली | १५००० | जोखिमबाट हुने क्षति न्यूनीकरण एवँ जनजीवन सुरक्षित भएको हुनेछ |
| २ | विपद् व्यवस्थापन कोष | | सालबसाली | ७००० | जोखिमबाट हुने क्षति न्यूनीकरण एवँ जनजीवन सुरक्षित भएको हुनेछ |

## ६.३.९. जोखिम पक्ष तथा अनुमान

विपद् व्यवस्थापन कार्यमा सोरु गाउँपालिकाले तयार गरेको नीति, कार्यक्रम र सस्थागत संरचना, विपद् पुर्वतयारी, प्रतिकार्य र रोकथाम र व्यवस्थापनका कार्यहरू कार्यान्वयन हुनेछ । विकास साझेदार, समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्यमा  विपद्को क्षेत्रमा काम गरेको हुनेछ । विपद् व्यवस्थापन योजनाको तर्जुमा र सोही बमोजिम बजेट विनियोजन, मानव संशाधन तथा आयोजनाको कार्यान्वयन भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । प्राकृतिक  विपद्सँगै मानवीय कारणद्धरा सृजित विपद् बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । वाढी र पहिरो लगायतका प्रकोपबाट विपद पर्न सक्ने जोखिम रहन्छ ।

# परिच्छेद-७

# संस्थागत विकास तथा सुशासन

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था अनुसार स्थानिय सरकारले पाएको अधिकारको प्रयोग गरी कानूनी शासन, जन अपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारको रहेको छ । गाउँपालिकाको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट बनाउने, स्रोत परिचालन गर्ने र विकास कार्य सञ्चालन र सेवा प्रवाह गर्ने व्यवस्था अनुसार प्रभावकारी तथा जनमुखी कार्य सम्पादन गर्नको लागि लागि आवश्यक पर्ने विभिन्न ऐन तथा नीति नियमहरु तयारी तथा प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसका साथै सूचनाको हक सम्बन्धी ऐनको प्रावधान कार्यान्वयनका लागि सूचना अधिकारीको व्यवस्था, गाउँपालिकाले गर्ने निर्णय तथा जानकारी सार्वजनिकीकरण गर्नका लागि प्रवक्ताको व्यवस्था, विभिन्न प्रतिवेदनहरूको सार्वजनिकीकरणको अभ्यास आदि मार्फत् पारदर्शिता प्रवर्द्धनको प्रयास गर्दै आएको छ । त्यस्तै गरी सेवाग्राहीको गुनासो सुनुवाई गर्न गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकृत र हेलो गाउँले प्रमुख टोल फ्रि नं. सञ्चालनमा ल्याईएको छ ।

### ७.१.२. समस्या तथा चुनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका चुनौति विद्यमान रहेका छन् । उल्लेख्य सङ्ख्यामा ऐन नियम तर्जुमा भएका भए पनि उक्त ऐन, नीति, नियम, कार्यविधि बारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन र परिपालना नहुनु, विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन, खेलकुद विकास र लैंगीक समानता तथा सामाजिक समावेशीकरण आदि जस्ता वियषहरुको प्रभावकारी कार्यन्वयन चुनौतीका रुपमा रहेकाछन् ।

### ७.१.३. लक्ष्य

"सक्षम, पारदर्शी, निश्पक्ष र जवाफदेही सार्वजनिक सेवा प्रवाह"

### ७.१.४. उद्देश्य

(क) स्थानीय शासनको हरेक प्रक्रियालाई पारदर्शी, जवाफदेही र सहभागिता मुलक बनाउनु ।

(ख) संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि, राजस्व संकलनमा सुधार गर्दै सुचना प्रविधिमैत्री स्थानिय सरकार ।

## ७.१.५. रणनीति

(क) गाउँपालिकाको नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाई सुशासन प्रवर्द्धन गर्ने ।
(ख) गाउँपालिकाको नीति कानुन तथा निर्णय प्रक्रियामा आम नागरिक (लक्षित वर्गको) को अपनत्व वृद्धि गर्ने ।
(ग) न्यायमा नागरिकको सहज पहुँचका लागि सरलीकृत गरी स्तरीय न्यायिक सम्पादन गर्ने ।
(घ) विकास प्रक्रियालाई थप सहभागितामुलक बनाई नतिजा हासिल गर्ने ।

## ७.१.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन नतिजा सुचक तथा लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.वसम्मको वास्तविक उपलब्धि | चालु आ.वसम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| औसत वार्षिक वेरुजू | प्रतिशत | १२ | १० | ८ | ६ | ४ |
| कर्मचारी पदपूर्ति | प्रतिशत | ९८ | ९८ | ९९ | ९९ | १०० |

## ७.१.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना सञ्चार तथा प्रविधि क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९८६९६ | ८८७२६ | ९९७० | ० | ४५००० | ४५६४२ | ८०५४ | ० |
| २०८१/८२ | १०८५३६ | ९७५७० | १०९६६ | ० | ५१००० | ४८९०६ | ८६३० | ० |
| २०८२/८३ | २१५३०६ | १९३६५१ | २१६५५ | ० | ११५००० | ८५२६० | १५०४६ | ० |

## ७.१.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| ब.उ. शी.नं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू. हाजरमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | डिजिटल प्रोफाइल निर्माण तथा अध्यावधिक | पालिकाको सूचना सुस्त र दुरुस्त रुपले बढाउने | सालबसाली | ४००० | सेवा प्रवाहमा सहज र सुशासनमा अभिवृद्धि हुनेछ |
| 2 | पालिकाको ऐन,कानुनहरुमा अन्तरक्रिया कार्यक्रम | पालिकाबाट जारी भएका निति नियम हरु सर्वसाधारण सामु पुऱ्याउन सहयोग गर्ने | सालबसाली | ९०० | पालिकाको शासन प्रणाली सञ्चालनको अभिवृद्धि हुनेछ |

## ७.१.९. जोखिम पक्ष तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम प्रशासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध हुन सकेमा अपेक्षित नतिजा हासील हुनेछ । उपरोक्त व्यवस्था नहुदा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ७.२ संगठनात्मक विकास तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

## ७.२.१. पृष्ठभूमि

गाउँपालिकाको केन्द्र, गाउँपालिकाको आफ्नै प्रसाशनिक भवन भएता पनि पुर्ण क्षमता र मापदण्ड अनुसार नभएकोले सवै शाखा तथा अध्यक्ष र उपाध्यक्षका लागि कार्यकक्षाको आभाव रहेको छ । सोरु गाउँपालिकाको ११ वटा वडाहरु मध्ये ६ वटा वडाको मात्रै आफ्ने भवन मार्फत वडावाट सेवा प्रवाह भई रहेको छ भने वाँकी वडा कार्यलयहरु भाडामा लिई सोव दिई रहेकोछ भने वन्न वाँकी रहेका सवै वडा भवन निर्माणाधिन अवस्थामा रहेको छ । आफ्नै प्रशासनिक भवन मार्फत जनतालाई सेवा प्रवाह गर्न सक्ने वातावरण नभएकोले कार्य सम्पादनमा प्रभावकारीता र सेवाको गुणस्तरलाई सोचे जस्तो प्रभावकारी बनाउन सकेको छैन । अर्को तर्फ गाउँपालिकाको आवश्यक दरवन्दी अनुसार कर्मचारीको पुर्ति हुन नसक्नु भएका कर्मचारीहरु सरुवा भई जाने जस्ता कारण व्यप्त रहेको छ । तथापी विविध समस्याको वावजुद पनि गाउँपालिकाले लेखा व्यवस्थापन, सम्पत्ती व्यवस्थापन, घटना दर्ता लगायतका क्षेत्रमा सफ्टवेयरको प्रयोग मार्फत् सेवा प्रवाह गरी रहेको छ ।

## ७.२.२. समस्या तथा चुनौति

गाउँपालिकाको लागि आवश्यक पर्ने पूर्वाधारहरु यथा सक्य चाडो निर्माण गरी समस्याको समाधान गर्न आवश्यक छ । सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन संस्थागत संरचना, मानव स्रोत र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवम् मूल्यांकन पद्धतिलाई वैज्ञानिक र व्यवस्थित गराउदै लैजाने, आन्तरिक नियान्त्रण प्रणाली, सार्वजनिक

जवाफदेहिताको औजारहरुको नियमित प्रयोग, सस्थागत स्वमुल्यांकन, वित्तिय सुशासन जोखिम मुल्यांकनले औल्याएका कम्जोरी र सुधारका लागि बनाएको कार्ययोजनाको कार्यन्वयन चुनौतीपूर्ण छ । जनशक्तिको क्षमता विकास योजना निर्माण र सोहि अनुसार कार्यन्वयन गरी जनशक्ति परिचालन तथा सेवा प्रवाह गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन ।

### ७.२.३. लक्ष्य

"जवाफदेहि पारदर्शि जनउत्तरदायि सुचना प्रविधिमा आधारीत संगठन र सेवा प्रवाहा"

### ७.२.४. उद्देश्य

(क) संस्थागत पूर्वाधार निर्माण गरी सार्वजनिक सेवामा सवैको पहुँच सुनिश्चितता गर्ने ।
(ख) मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गरी व्यवस्थित र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

(ग) पारदर्शी, जवाफदेहि, प्रभावकारी र जनउत्तरदायी साशन प्रणाली स्थापना गर्ने ।

### ७.२.५. रणनीति

(क) पालिका र वडामा रहेको जनशक्तिको क्षमता विकास गरी सेवामा प्रभावकारीता बढाउने ।
(ख) सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने ।
(ग) सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचनालाई प्रभावकारी बनाउने ।
(घ) सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्न कानुन निर्माण गरी कार्यन्वयन गर्ने ।
(ङ) गुनासो सुनुवाई प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउने ।

### ७.२.६. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

प्रस्तावित कार्यक्रम तथा आयोजनाबाट आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने अपेक्षित नतिजाको आधारमा तयार मध्यमकालीन नतिजा सुचक तथा लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.वसम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गा.पा. तथा वडा कार्यालयमा नागरिक वडापत्र निर्माण | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ |
| | | | | | | |

### ७.२.७. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना सञ्चार तथा प्रविधि क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आ.व. | बजेट अनुमान (रु. हाजरमा) | | | | बजेट स्रोत (रु. हाजरमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८८२६८ | ७९४४१ | ८८२७ | ० | ४५१०० | ३६६९३ | ६४७५ | ० |
| २०८१/८२ | ९७०९५ | ८७३८५ | ९७०९ | ० | ४८३०० | ४१४७६ | ७३१९ | ० |
| २०८२/८३ | १०६८०४ | ९६१२४ | १०६८० | ० | ५१२५० | ४७२२१ | ८३३३ | ० |

## ७.२.८. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

